# अध्याय : एक

# शोध परिचय

## पृष्ठभूमि

भाषा मानवीय सम्पतिका साथै विचार सम्पेषणको महत्त्वपूर्ण माध्यम हो । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्दछ र यसका साथै प्रयोग पनि समाजमै गर्दछ । मानिसको उमेर र सामाजिक सम्पर्कको विस्तारको फलस्वरुप मानिसमा भाषाको विकास हुँदै जाने भएकाले यो मानवीय व्यवहार र सामाजिक व्यवहारको अभिन्न अङ्ग हो । यो वैचारिक आदान प्रदानका माध्यमबाट सम्पन्न हुन्छ । अरु द्वारा भाषाका माध्यमले व्यक्त गरिएका विचार एवम् भावनालाई बुझ्नु आदान हो भने आफ्ना विचार एवम् भावनालाई अरु समक्ष प्रस्तुत गर्नु प्रदान हो । यही विचार आदान प्रदानको सर्वाधिक सरल र सुगम प्रक्रिया भाषा हो (शर्मा र पौडेल, २०६८ : १ ) । भाषा शिक्षणमा साहित्यिक विधाहरूको उपयोग गर्न सकिन्छ । भाषा शिक्षण भनेको साहित्यिक शिक्षण होइन तर साहित्यिक विविध विधामा प्रयुक्त शैलीका माध्यमले भाषाका विविध सिप तथा पक्षलाई सहयोग पुर्‍याउन सकिन्छ । त्यसैले सामान्यतः साहित्यिक आस्वादनका लागि र मूलतः त्यसका माध्यमबाट भाषा प्रयोगमा अभ्यस्त गराउन भाषा शिक्षणमा साहित्यको उपयोग गर्न सकिन्छ । भाषा शिक्षण सिपको शिक्षण हो । भाषिक सिप शिक्षणको क्रममा उच्चारण, बोध, व्याकरण शब्दभण्डार जस्ता भाषिक पक्षको शिक्षणका लागि पनि विषयवस्तु नै प्रमुख माध्यम हो भन्ने बिर्सनु हुँदैन । यसर्थ भाषा शिक्षण गर्दा विषयवस्तु गौण र भाषिक सिप प्रमुख हुन्छ ।

भाषिक सिप र दक्षता हासिल गर्ने मूल अभिप्रायले निर्माण गरिएको भाषा पाठ्यक्रम भाषा सिकाइको विस्तारित कार्ययोजना हो । यस कार्य योजनाभित्र उद्देश्य, विषयवस्तु, शिक्षण सामग्री, शिक्षण प्रक्रिया, मूल्याङ्कन, प्रक्रिया आदि स्तम्भ हुनु आवश्यक ठानिन्छ । यस्ता सबै स्तम्भहरू भाषिक कुशलता एवम् भाषिक कलाको विकास तथा निख्खारताका लागि उपयोगी हुन्छन् (पौडेल, भट्टराई र बराल, २०६८ : १) ।

भाषा पाठ्यक्रमले तोकेका उद्देश्यहरू पूरा गर्नका लागि तयार गरिएको पाठ्यपुस्तकलाई भाषा पाठ्यपुस्तक भनिन्छ । यसमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्नका लागि उपयुक्त हुने विषयवस्तु तथा विधाहरूको छनोट गरिन्छ र प्रस्तुतीकरणमा पनि सोहीअनुसार विशेष सचेतताका साथ छनोट गरिएका सामग्रीहरू समावेश गरिएको हुन्छ । यसमा समावेश गरिने पाठ्यांश, नमुना अभ्यास तथा निर्देशन सिकारुको कक्षा, स्तर, पूर्वज्ञान, भाषिक अनुभव र भाषा सिकाइको आवश्यकतानुसार निर्धारण गरिएका हुन्छन् ।

भाषा सिकाइका क्रममा अभ्यासलाई सिकाइ क्रियाकलापको आधारका रुपमा लिइन्छ । भाषाको सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास नभई सम्भव हुँदैन ।

नेपाली वृहत शब्दकोश -२०४० ले कुनै पाठ्यविषयमा निरन्तर दोहोर्‍याइ तेहर्‍याइ गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यावहारिक पक्षतिर विशेष रुपमा बारम्बार मिहिनेतका रुपमा अभ्यास शब्दलाई लिएको छ । त्यसैगरी नेपाली शब्दसागर -२०६२ ले अभ्यास शब्दको अर्थ अटुट अध्ययन, आवृति दोहोर्‍याइ तेहर्‍याइ गर्ने पाँच प्रकारको अध्ययन, पुनःपुन प्रयोग गर्नु भनेको छ । सिकाइलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण क्रियाकलाप सञ्चालन गर्न नमुना अभ्यास चाहिन्छ । भाषाका पाठ्यपुस्तकमा प्रत्येक पाठ्यविषयवस्तुको अन्तिममा पाठ्यक्रमका उद्देश्यका आधारमा अभ्यासहरू दिइनु जरुरी हुन्छ । वास्तवमा पाठ्यपुस्तकमा राखिएका विधा एवम् उपविधाका भन्दा यसका आधारमा गराइने भाषिक अभ्यास महत्त्वपूर्ण हुन्छन् (अधिकारी, २०५० : १७४ ) । भाषामा विचार हुन्छ, त्यसैले भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषाका माध्यमबाट मानिसले आफ्ना मनका विविध विचार एवम् भावनालाई अरु समक्ष प्रकट गर्दछ र अर्काले प्रकट गरेका विचार र भावनालाई लिन्छ । नेपाली भाषा पाठ्यपुस्तका अभ्यासले भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई परिष्कार गर्न मद्दत गर्दछ । भाषाशिक्षण अभ्यासको सर्वाधिक महत्तव रहन्छ । भाषाशिक्षण र अभ्यासलाई एकअर्काको पुरक भने पनि हुन्छ । भाषा ज्ञान नभएर कला वा सिप भएकाले सिप प्राप्त गर्न अभ्यासको निकै ठूलो भूमिका रहेको हुन्छ । अभ्यास जति गर्‍यो कला वा सिप त्यति नै निखारिएर आउँछ, यसर्थ भाषाशिक्षणमा अभ्यासलाई केन्द्रबिन्दु बनाएर त्यसै अनुरुपको शिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्छ (भण्डारी र अन्य, २०६२ :२) । भाषा शिक्षण गर्दा सुनाइ र बोलाइ सिपलाई २० प्रतिशत, पढाइ र लेखाइ सिपलाई ४० प्रतिशत सिर्जनात्मक सिपलाई ४० प्रतिशत हुने गरी अभ्यासको समायोजन गर्नुपर्छ ।

### माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरू

विद्यालयको पठनपाठन कार्यमा नेपाली भाषा शिक्षणले महत्त्वपूर्ण स्थान ओगटेको छ । विद्यालयमा प्रारम्भिक तहदेखि नै अनिवार्य रुपमा अध्यापन हुँदै आएको यो विषयको शिक्षण प्रभावकारी एवम् व्यावहारिक हुनुपर्दछ । परम्परादेखि नै नेपाली भाषा सम्पूर्ण नेपालीहरूको साझा भाषा रहेको र हाल सरकारी कामकाज तथा सम्पर्क भाषाका रुपमा रहेको हुँदा यसका लागि उपयुक्त पाठ्यक्रम एवम् पाठ्यसामग्री हुनुपर्छ भन्ने कुरामा दुई मत हुन सक्दैन । विद्यालय तहमा नेपाली भाषा शिक्षणको मूल लक्ष्य भाषिक दक्षता अभिबृद्धि गर्नुका साथै अन्य विषयको पठनपाठनको माध्यमलाई सहयोग गरी बोध पक्ष र अभिव्यक्ति पक्षको विकास गर्नु रहेको छ (माध्यमिक शिक्षा पाठ्यक्रम भाग १, २०६४ : ८) ।

नेपाली भाषा पाठ्यक्रम २०६४ का अनुसार माध्यमिक तहका उद्देश्यहरू निम्नानुसार रहेका छन :

**तहगत उद्देश्यहरू**

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ मा माध्यमिक तहमा १७ वटा तहगत उद्देश्यहरू रहेका छन् । यी उद्देश्यहरूलाई माध्यमिक तहको नेपाली विषयको साधारण उद्देश्यहरू भनेर उल्लेख गरेको पाइन्छ । यस आधारमा माध्यमिक तहको अध्ययन पूरा गरेपछि विदयार्थीहरू नेपाली भाषा विषयका निम्न कुराहरूमा सक्षम हुनेछन् :

१. विभिन्न सन्दर्भमा व्यक्त भएका हाउभाउ सहितका मौखिक अभिव्यक्तिहरूलाई ख्याल गरेर प्रतिक्रिया जनाउने गरी सुन्न ।
२. सञ्चारका विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न ।
३. आफूले पढेका सुनेका शब्दहरूको शुद्धसँग उच्चारण गर्न ।
४. कुराकानी , प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल जस्ता गतिविधिमा प्रभावकारी रुपमा मौखिक अभिव्यक्ति दिन ।
५. देखेका , सुनेका र पढेका घटना तथा विषयवस्तुहरू बुझी तिनका आधारमा मौखिक प्रश्नोत्तर गर्न ।
६. लिखित सामग्रीहरूलाई गति, यति र लय मिलाई भाव अनुसार शुद्ध र स्पष्ट सँग सस्वरवाचन गर्न ।
७. कथा, कविता, निबन्ध आदि साहित्यिक रचना रुचि लिई पढ्न ।
८. लिखित सामग्रीहरूलाई विभिन्न प्रयोजनका लागि पढ्न र पढाइको गति विकास गर्न ।
९. शुद्धसँग बर्णविन्यास र लेख्य चिह्नहरू मिलाइ लेख्न ।
१०. व्यवहारमा उपयोगी हुने पत्रहरू लेख्न ।
११. स्वतन्त्र रुपमा अनुच्छेद , दैनिकी र निबन्धको रचना गर्न ।
१२. बोल्दा तथा लेख्दा सन्दर्भअनुसार शिष्ट र उपयुक्त भाषाको प्रयोग गर्न ।
१३. मौखिक तथा लिखित रुपमा अभिव्यक्त भएका विषयवस्तु बुझी मुख्य मुख्य कुरा व्यक्त गर्न ।
१४. बोल्दा र लेख्दा उखान टुक्काको समेत प्रयोग गर्न ।
१५. नेपाली व्याकरणका आधारभूत नियमको पालना गरी अभिव्यक्ति दिन ।
१६. नेपाली शब्दकोश प्रयोग गर्न ।
१७. विभिन्न विषयवस्तु पढी शब्दभण्डार बढाउन ।

यस प्रकार माध्यमिक तहका उद्देश्यहरू निर्माण गरिएका र यी उद्देश्यहरू अत्यन्त उपयोगी देखिन्छन् । शुद्धसँग उच्चारण गर्न, हाउभाउ सहितको मौखिक अभिव्यक्ति उखान टुक्काको प्रयोग, सस्वरवाचन, मौनवाचन, शब्दभण्डार बृद्धि, शब्दकोश प्रयोग, शिष्ट र उपयुक्त भाषाको प्रयोग र व्याकरणका आधारभूत नियमहरूको प्रयोग स्तर अनुकूल देखिन्छन् ।

**सिपगत उद्देश्यहरू**

अनिवार्य नेपालीको मूल उद्देश्य विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी ४ ओटा भाषिक सिप अभिबृद्धि गर्नु रहेकाले यी सिप विकासका लागि निम्नानुसार विशिष्ट उद्देश्यहरू नेपाली भाषा पाठ्यक्रमले तय गरेको छ । यस आधारमा कक्षा १० का सिपगत उद्देश्यहरू निम्नानुसार छन् :-

सुनाइ र बोलाइ सिप

- हाउभाउ, आघात, लय चेष्टा, अभिनय आदिको ख्याल गरी सन्दर्भअनुसार अभिव्यक्ति सुनेर मौखिक रुपमा व्यक्त गर्न,
- शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,
- आफूले देखेसुनेका र पढेका वस्तु, वातावरण तथा घट्नाको विषयमा सिलसिला मिलाई व्यक्त गर्न,
- विभिन्न प्रकारका मौखिक अभिव्यक्तिहरू सुनेर तार्किक रुपमा आफ्नो विचार व्यक्त गर्न,
- कुराकानी प्रश्नोत्तर, संवाद, मनोवाद, वादविवाद आदि मौखिक अभिव्यक्तिहरूमा सक्रिय रुपले सहभागिता दर्साउन,
- आफूले भन्न चाहेको कुरालाई शिष्ट र उपयुक्त भाषा शैलीमा अभिव्यक्ति दिन,
- मौखिक रुपमा अभिव्यक्त भएका विषयवस्तु बुझी आफ्ना शब्दमा मुख्य मुख्य कुरा भन्न,
- सन्दर्भअनुसार उखान टुक्का प्रयोग गरी बोल्न,

पढाइ सिप

- लिखित सामग्रीहरू गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,
- लिखित सामग्रीलाई मौनवाचन गरी पढाइको गति विकास गर्न,
- मुख्य मुख्य कुरा बुझ्ने गरी विभिन्न विषयबस्तुको प्रकृतिअनुसार पढ्न,
- विभिन्न पाठहरू तथा तिनका विशिष्ट अंशहरूको व्याख्या सप्रसँग व्याख्या एवं विवेचना गर्न सक्ने गरी पढ्न,

- विभिन्न विषयवस्तु पढी शब्दभण्डार बृद्धि गर्न,
- लिखित सामग्रीहरूलाई विभिन्न प्रयोजनका लागि पढ्न,

लेखाइ सिप

- वर्णविन्यास (हिज्जे) र लेख्य चिन्ह मिलाई लेख्न,
- सफा र स्पष्टसँग लेख्न र लेखेको कुरा सच्याउन,
- विभिन्न विषयमा अनुच्छेद लेख्न,
- आफूले देखेका , सुनेका, पढेका घटना तथा विषयवस्तुको बारेमा लिखित वर्णन गर्न,
- मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदा टिपोट गर्न र सारांश लेख्न,
- विभिन्न पाठ तथा तिनका विशिष्ट अंशहरूको व्याख्या, सप्रसङ्ग व्याख्या र विवेचना गर्न,
- व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामना जस्ता पत्र लेख्न,
- संवाद, मनोवाद, वादविवाद र निबन्ध लेख्न,
- प्रचलित र सान्दर्भिक विभिन्न शब्द तथा उखान टुक्काहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न,
- लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभुत नियम पालन गर्न,

यसरी माध्यमिक तहमा विद्यार्थीलाइ सुनाइ र बोलाइका सिपलाई भन्दा पढाइ र लेखाइका सिपमा बढी जोड दिनुपर्ने उद्देश्य पाठ्यक्रमले राखेको पाइन्छ । सुनाइ वातावरण निर्माण र सुनाइ प्रयोजन सम्बन्धी निर्देशन दिने पक्षमा ध्यान दिनुपर्छ । पढाइ सिपका सन्दर्भमा सस्वरपढन, मौनपठन, गति, यति जस्ता पक्षमा जोड दिनु पर्ने देखिन्छ । लेखाइ सिपका सन्दर्भमा वर्णविन्यास मिलाइ लेख्न, सफा र स्पष्टसँग लेख्न, लेख्य चिह्नको उपयुक्त प्रयोग पक्षमा विद्यार्थीलाई दक्ष बनाउन विद्यार्थीको सहभागिता र प्रत्यक्ष अवलोकन तर्फ विशेष ध्यान दिनु पर्ने हुन्छ ।

**माध्यमिक तहको पाठ्यक्रमको अभ्यासहरूको छनोट र स्तरण**

शिक्षण सिकाइ प्रक्रिया उद्देश्यमूलक, प्रभावकारी र व्यवस्थित कायक्रम हो । यसलाई व्यवस्थित, प्रभावकारी र उद्देश्यमूलक बनाउन पाठ्यक्रमको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अतः पाठ्यक्रम एउटा यस्तो दस्तावेज हो, जसद्वारा सम्पूर्ण शैक्षिक गतिविधिलाई निश्चित दिशानिर्देश गरी तोकिएको उद्देश्य हासिल गर्न सहयोग प्राप्त गर्न सकिन्छ । भण्डारी (२०६१) का अनुसार "सामान्यतः पाठ्यक्रम भन्नाले शिक्षण सिकाइ प्रक्रियाको व्यापक एवम् विस्तृत दस्तावेज भन्ने बुझिन्छ । यसकै आधारमा सम्बन्धित तह कक्षाका पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्री

निर्माण गरिन्छ ।" यस आधारमा सम्पूर्ण शैक्षिक कार्यक्रमकै केन्द्रविन्दुका रुपमा पाठ्यक्रमलाई लिन सकिन्छ । यस अन्तर्गत के पढाउने, कहिले कसरी शिक्षा प्राप्त गर्ने र गराउने भन्ने विषयमा आवश्यक निश्चित निर्देशन प्राप्त गर्न सकिन्छ । यो एउटा शैक्षिक कार्यक्रमको सङ्गठनात्मक स्वरुप हो । यसले विधालयभित्र एवम् बाहिर भएका सम्पूर्ण शैक्षिक क्रियाकलापलाई समेट्छ । अतः पाठ्यक्रममा उद्देश्य, विषयवस्तु, शिक्षणप्रक्रिया र मूल्याङ्कन प्रक्रियाको प्रष्टसँग उल्लेख गरिएको हुन्छ । पाठ्यक्रमलाई परिभाषित गर्ने सन्दर्भमा केही तलका उद्धरण उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

क) युनेस्कोका अनुसार : "शिक्षाका उद्देश्य प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरिएको योजना र निर्देशन अनुसारका सम्पूर्ण अनुभवलाई पाठ्यक्रम भनिन्छ ।"

ख) राशिपयो (२०२८) का अनुसार : " शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ । "

ग) प्रयोगात्मक नेपाली शब्दकोशका अनुसार : " १. विद्यार्थीले विद्यालयमा एक वा अनेक विषयमा खास अवधिभित्र आर्जित गर्न सक्ने अनुभव, ज्ञान, सिप आदिको शैक्षिक योजना । २. पाठ्यांशहरूको संगालो पाठ्यविषयहरूको विवरण सिलेबसलाई पाठ्यक्रम भनिन्छ । "

उपर्युक्त परिभाषाका आधारमा पाठ्यक्रमलाई शैक्षिक कार्यक्रमको साध्यका रुपमा हेर्न सकिन्छ । यस अन्तर्गत पठनपाठनयोग्य सामग्रीहरू, क्रियाकलाप, मूल्याङ्कन प्रक्रियाको उद्देश्यपूर्ण संयोजन गरिएको हुन्छ । शिक्षाका राष्ट्रिय, तहगत, विषयगत उद्देश्यहरूको साथै विषयवस्तुको अङ्ग र क्रम, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियाको समेत उल्लेख गरिएको हुन्छ ।

पाठ्यक्रमकै सापेक्षतामा भाषा पाठ्यक्रमलाई हेर्न सकिन्छ । भाषा शिक्षणको लक्ष्य हासिल गर्न बनाइएको शैक्षिक कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा शिक्षण गर्नुको उद्देश्य भाषा सिकाउनु नभएर भाषिक सिप विकास गराउनु हो । यसका आधारभूत सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गरी भाषाका सिप र कला पक्षमा निपुर्णता बनाउनु हो । यो बोध र अभिव्यक्ति कलासँग सम्बन्धित रहेको छ । यसका माध्यमबाट भाषिक सम्पादन र भाषिक सामर्थ्य हासिल हुन सकोस् । भाषा शिक्षण व्यवस्थित योजनाबद्ध कार्य भएकोले यसको शिक्षणका लागि पनि पाठ्यक्रमको भूमिका महत्त्वपूर्ण रहेको छ ।

भाषा पाठ्यक्रम अन्य विषयको पाठ्यक्रमको स्वरुपभन्दा भिन्न हुन्छ । अन्य विषयको पाठ्यक्रममा विषयवस्तुलाई महत्त्वका साथ हेरिन्छ । यसको उद्देश्य विषयको संज्ञान क्षमता बढाउनु भन्ने हुन्छ । भाषालाई यो पूरा गर्ने साधनका रुपमा मात्र प्रयोग गरिएको हुन्छ तर भाषा

पाठ्यक्रममा भाषालाई साधन र साध्य दुबै माध्यमका रुपमा लिने गरिन्छ । भाषा पाठ्यक्रममा विविध विधाहरूको प्रयोग, भाषातत्व र शब्दभण्डारको प्रयोग भएको हुन्छ । यी आधारमा अन्य विषयका पाठ्यक्रम र भाषा पाठ्यक्रममा प्रशस्त अन्तर देख्न सकिन्छ (ढुंगेल र दाहाल, २०५६ : ५) का अनुसार भाषा पाठ्यक्रम तयार पार्दा निर्माताले निम्न लिखित विषयमा ध्यान दिनु आवश्यक मानिन्छ ।

- विद्यार्थीहरूले सिक्न चाहेको भाषा कुन प्रयोजनका निम्ति सिक्दै छ । जस्तै आधारभूत क्षेत्रहरू कृषि, विज्ञान, शिक्षा, कानुन, कला, वाणिज्य, पर्यटन आदि कुन चाँहि प्रयोजनका निम्ति भन्ने कुरामा ध्यान दिनुपर्छ । त्यसै क्षेत्रमा प्रयुक्त र उपयोगी हुने भाषिक ज्ञान विद्यार्थीलाई उपलब्ध हुने गरी पाठ्यक्रम निर्माण गर्नुपर्छ ।
- भाषाका सिपहरू क्रमबद्ध र विद्यार्थीहरूको क्षमता अनुरुप चयन गर्नुपर्छ ।
- भाषा पाठ्यक्रममा विधागत ज्ञान प्रदान गर्ने अभिप्रायका सामग्रीहरू चयन गर्नुपर्दछ ।
- भाषा आर्जन प्रक्रियाअनुरुप भाषा पाठ्यक्रमका सामग्री चयन गर्नुपर्छ ।
- लक्ष्य पूरा गर्न शिक्षक र विद्यार्थीको भूमिका विषयमा भाषा पाठ्यक्रम निर्माता स्पष्ट हुनुपर्छ र आवश्यकता अनुकूल सामग्री चयन गर्नुपर्छ ।

भाषा पाठ्यक्रममा विषयगत ज्ञानलाई तल्ला कक्षामा महत्त्व दिनु उपयुक्त ठानिदैन । माथिल्ला कक्षामा भने बोध क्षमताका साथै विषयगत ज्ञानलाई स्तर अनुकूल समेट्दै लैजानु आवश्यक ठानिन्छ । त्यसैले भाषा पाठ्यक्रममा छनोट र स्तरणलाई ध्यान दिनु निकै महत्त्वपूर्ण ठानिन्छ ।

भाषा पाठ्यक्रमको निर्माणमा भाषा सिकाइका दुई सिद्धान्तलाई सन्तुलित रुपमा समन्वय गर्दै उपयोग गरिएको हुन्छ ।

क) व्यवहारवादी सिद्धान्त ।

ख) मनोवादी सिद्धान्त ।

व्यवहारवादी सिद्धान्तका अनुसार भाषालाई बानी निर्माण र अभ्यासमा आधारित हुने ठान्दछ । यसले भाषा सिकाइलाई उत्तेजना र प्रतिक्रियाका रुपमा लिन्छ । मानवीय व्यवहारलाई सुनिश्चित गराउन नियन्त्रित वातावरणको अपेक्षा गर्दछ । भाषा सिकाइमा प्रयत्न र भूल तथा अभ्यास र पुनरावृतिको ठूलो भूमिका रहेको हुन्छ । मनोवादी सिद्धान्तले अनुभववादको विरोध र ज्ञान अनुसार सिकाइमा स्वतन्त्र वातावरणको अपेक्षा गर्दछ । वातावरण र सामग्रीको सीमिततामा जीवन्त भाषा सिक्न नसकिने ठहर गर्दै शिक्षार्थीका लागि स्वतन्त्र वातावरणको अपेक्षा गर्दछ (अधिकारी, २०५९ : ४५-४७) । भाषा पाठ्यक्रम कुनै एक सिद्धान्तका सापेक्षतामा मात्र आधारित

गर्नुहुदैन । भाषा पाठ्यक्रम निर्माणका क्रममा मनोवादी सिद्धान्त र व्यवहारवादी दुवै सिद्धान्त उपयोगी ठानिन्छन् ।

**भाषा पाठ्यक्रममा नमुना अभ्यासको छनोट**

भाषा पाठ्यक्रमका उद्देश्यहरूको र पाठ्यसामग्रीहरूको समग्र प्रतिनिधित्व हुनेगरी अभ्यासको निर्माण गर्न जरुरी हुन्छ । पाठ्यक्रम निर्माण सिपपरक दृष्टिले गरिने हुनाले अभ्यास सोही अनुरुप हुनुपर्दछ । भाषा पाठ्यक्रममा दिइने अभ्यास भाषिक र पठनबोधसँग सम्बन्धित गरिनु पर्दछ । भाषिक सामग्री भन्नाले शब्दभण्डार, वाक्य रचना, भाषातत्व आदिलाई लिन सकिन्छ ।

भाषा पाठ्यवस्तुको क्षेत्र असीमित हुन्छ । ज्यादै व्यापक सामग्रीका बीचबाट निर्धारित उद्देश्य हासिल गर्न उपयुक्त हुने खाले सीमित पाठ्यवस्तु मात्र पाठ्यक्रमले ग्रहण गर्नुपर्दछ । यसरी व्यापक क्षेत्रबाट निश्चित उद्देश्य सामग्री वा पाठ्यवस्तु छान्ने वा रोज्ने कार्य नै छनोट हो । पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य हासिल गर्न सहायक हुने तोकिएको समयावधिमा पठनपाठन गरी गराई सकिने, विद्यार्थीको कक्षा, स्तर, रुचि, सिकाइ, प्रवृति आदि अनुकूल हुने भाषा पाठ्यवस्तुको छनोट गर्नुपर्दछ (पौडेल, भट्टराई र बराल , २०६८ : १९) ।

- सीमित साधनको उपयोगबाट बढीभन्दा बढी उपलब्धि हासिल गर्न,
- अभ्यासहरूको बारम्बारको पुनरावृति र अनुपयुक्तता हटाउन,
- सिकाइलाई विद्यार्थीको क्षमता, रुचि र स्तरअनुकूल बनाई उपलब्धिमूलक तुल्याउन,
- सिकाइ मनोविज्ञान, सिकाइ प्रवृति अनुकूल अभ्यास निर्माण गरी उपयुक्त सामग्री तयार पार्न,
- पहिलो भाषा तथा दोस्रो भाषाका रुपमा नेपाली सिक्नेहरूलाई उपयुक्त सामग्री उपलब्ध गराई सिकाइमा एकरुपता निर्वाह गर्न,

भाषा पाठ्यक्रमका उद्देश्यअनुरुप अभ्यासहरूको छनोट गरी सिकाइ प्रक्रिया उद्देश्यमूलक र फलदायी बनाउनु भाषा पाठ्यक्रमको उद्देश्य हो । भाषा पाठ्यपुस्तकमा राखिने अभ्यासहरू पाठ्यक्रमका उद्देश्य अनुरुपताका आधारमा तय गरिनुपर्दछ । छनोट गरिने अभ्यासको अन्योलतालाई हटाई स्पष्ट मार्ग निर्देशन दिन यसले सहयोग गर्दछ ।

**भाषा पाठ्यक्रममा नमुना अभ्यासको स्तरण**

भाषा पाठ्यवस्तुलाई स्तरीय अनुक्रममा राख्न वा सुसिक्यताका आधारमा पाठ्यवस्तु विन्यासको व्यवस्थापन गर्नु नै स्तरण हो । भाषा पाठ्यक्रममा छनोट भएका अभ्यासलाई जथाभावी राखेर शिक्षण गर्ने हो भने अपेक्षित उपलब्धि हासिल हुन सक्दैन । सिकाइका सिद्धान्त

अनुरुप नमुना अभ्यासलाई सरलबाट जटिल, प्रत्यक्षबाट अप्रत्यक्ष, पूर्णबाट अंश, ज्ञातबाट अज्ञात, नियमितबाट अनियमित, सामान्यबाट विशेषका अनुक्रममा क्रमिक रुपमा स्तरण गर्नु पर्दछ ।

सिकाइका सिद्धान्त, शिक्षणका सूत्र, रुचि, वैयक्तिक भिन्नता र भाषिक पृष्ठभूमि जस्ता शैक्षणिक मनोवैज्ञानिक पक्षको अवलम्बन गरी पाठ्यवस्तु स्तरण प्रक्रिया अँगाल्नु उपयुक्त हुने देखिन्छ । सामान्यत पाठ्यवस्तुको स्तरण निम्न तहहरूमा गरिन्छ (पौडेल, भट्टराई र बराल, २०६८ : ३२) ।

१. वर्णात्मक
२. रुपात्मक
३. वाक्यात्मक
४. शब्दभण्डारात्मक
५. सङ्कथनात्मक

प्रस्तुत स्तरणका ५ वटै तहहरूलाई एकीकृत तथा पृथकीकृत प्रक्रियाअन्तर्गत स्तरण गर्न सकिन्छ :

**क) एकीकृत प्रक्रिया**

भाषिक एकाइहरू एकै सन्दर्भमा जोडेर गरिने स्तरणलाई एकीकृत प्रक्रिया मानिन्छ । भाषाका एकाइहरूका बिचमा परस्परमा जोडेर सम्बद्ध बनाउँदै लैजाने प्रक्रिया यसलाई मानिएको छ । भाषिक सिपलाई एकअर्काबाट अलग्याउँदा सिकाइ सम्भव नहुने हुँदा प्रत्येक भाषिक सिपलाई पारस्परिक सम्बन्धका माध्यमबाट अगाडि बढाँउदै लैजानुपर्दछ ।

**ख) पृथकीकृत प्रक्रिया**

भाषिक एकाइ वर्ण, रुप, शब्द, वाक्य आदिलाई स्वतन्त्र रुपमा अलग अलग स्तरण गर्ने प्रक्रियालाई पृथकीकृत प्रक्रिया भनिन्छ । यसमा एउटा भाषिक एकाइको शिक्षण पछि मात्र अर्को भाषिक एकाइमा प्रवेश गर्ने गरिन्छ । यसरी भाषिक एकाइलाई अन्तर्सम्बन्धित नबनाई गरिने शिक्षण भाषिक परिपक्वता हाँसिल गरिसकेका सिकारुका लागि मात्र उपयोगी हुने देखिएको छ । विशेषत: यस किसिमको प्रक्रियाबाट सैद्धान्तिक पक्षको बारेमा मात्र जानकारी दिन सजिलो हुन्छ । तल्ला कक्षा वा साना बालबालिकालाई यो उपयोगी मानिदैन ।

माथिका दुई प्रक्रियालाई आधार मान्दै स्तरणका ६ वटा प्रकार वा पद्धति उपयोगमा ल्याउन सकिन्छ :-


१. रेखीय पद्धति
२. चक्रीय पद्धति
३. परम्परागत पद्धति
४. व्याकरणात्मक पद्धति
५. सम्प्रेषणात्मक पद्धति
६. प्रकार्यात्मक पद्धति

**क) रेखीय स्तरण**

निर्धारित पाठ्यवस्तुलाई क्रमशः एकपछि अर्को क्रममा अनुक्रमिक गरिने पद्धतिलाई रेखीय स्तरण भनिन्छ । यस प्रक्रियामा पाठ्यवस्तुको कुनै एउटा एकाइका सबै विषयवस्तु प्रस्तुत गरिसकेपछि अर्को खण्डको सुरुवात गरिन्छ । अघिल्लो पाठ्यवस्तुले पछिल्लाको पृष्ठभूमि तयार गर्न सक्दैन । अघिल्लो पाठले पछि पुनरावृतिको अवसर नपाउनु त स्वभाविकै हो । पाठयवस्तुलाई समेत पृथकीकरण गरी प्रस्तुत गरिन्छ (पौडेल, भट्टराई र बराल, २०६८ : ३२) ।

**ख) चक्रीय स्तरण**

सिकाइका सिद्धान्त अनुकूल, शैक्षणिक मनोवैज्ञानिक सिद्धान्तमा आधारित पद्धति भएकाले भाषा शिक्षण त्यसमा पनि तल्ला तह र कक्षा तथा दोस्रो भाषा शिक्षणका लागि त चक्रीय स्तरण पद्धति बरदान सावित भएको छ । भाषा शिक्षणका पाठ्यवस्तु स्तरण गर्ने वैज्ञानिक पद्धतिका रुपमा परिचित भएको यस प्रक्रियामा सिकारुले प्रशस्त अभ्यास र पुनरावृति गर्ने अवसर प्राप्त गर्दछन् । पुनरावृतिमूलक, समतलीय, क्षितिजात्मक, आदि जस्ता नामले समेत चिनाउन सकिने यो स्तरण प्रक्रिया मूलतः सिपमूलक विषयवस्तु शिक्षण गर्न प्रभावकारी मानिन्छ । धारणात्मक एवम् उच्च बौद्धिक तथा सूत्रात्मक विषयवस्तु शिक्षणका लागि होइन । चक्रीय स्तरण भएको पाठ्यावली तथा पाठ्यक्रमको स्तरणलाई तलको आरेखमा स्पष्ट पार्न सकिन्छ (अधिकारी, २०५७: ९२) ।



प्रस्तुत आरेखले पाठ्यवस्तुको प्रारम्भ १ अङ्कबाट गरेपनि १ को पुनरावृति र विस्तरण हुने अवसर पछिल्ला एकाइमा पाएको छ ।

छानिएका पाठ्यवस्तुलाई पटक पटक स्तरीकृत र पुनरावृत हुने गरी प्रस्तुतिको अनुक्रममा मिलाउने प्रक्रिया चक्रीय स्तरण हो । चक्र घुमेझैं एकपटक प्रस्तुत भइसकेको पाठ्यवस्तु अर्को एकाइ वा कक्षामा पनि आउने भएको हुनाले चक्रीय स्तरण भनिएको हो (पौडेल, भट्टराई र बराल २०६८ : ३३) ।

यो प्रक्रियालाई विशेष ध्यान दिई भाषाका पाठ्यपुस्तकमा अभ्यासको पनि स्तरण गर्नुपर्छ ।

**कक्षा १० को नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र नमुना अभ्यास**

हरेक देशको शिक्षानीति तत्कालीन समाज, राष्ट्रिय आवश्यकता र सिकारुका रुचि चाहनालाई ध्यानमा राखेर तर्जुमा गरिन्छ । भाषा पाठ्यक्रमको निर्माण गर्दा त्यस देशको भाषानीतिअनुरुप निर्माण गर्नु जरुरी हुन्छ । भाषा पाठ्यक्रम मातृभाषीका लागि मात्रै तयार गरिदै छ वा विमातृभाषी विद्यार्थीहरू पनि यसैमा संवृत हुन्छन् भन्ने कुरालाई बिर्सनु हुँदैन (अधिकारी, २०५९ : ४५-४८) । त्यसैगरी राष्ट्रभाषा, राष्ट्रिय भाषा तथा सञ्चार एवम् सम्पर्कको माध्यम भाषालाई पनि ख्याल गर्नुपर्ने हुन्छ । त्यसैले राष्ट्रिय आवश्यकताको अन्वेषण गरी भाषापाठ्यक्रमको योजना तर्जुमा गरिनुपर्दछ । भाषा पाठ्यक्रम निर्माणका लागि दार्शनिक तथा सैद्धान्तिक धारणाहरूलाई आधारभूमिका रुपमा लिनुपर्दछ । त्यस्तै शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत, कक्षागत र विषयगत उद्देश्यहरूले निर्धारण राष्ट्रिय आवश्यकता र शैक्षिक कार्यक्रमको लक्ष्यअनुरुप गरिन्छ । ती उद्देश्यहरू परिपूर्तिका लागि के कस्ता भाषिक सिपगत उद्देश्य पूरा गर्नुपर्ने हो भनी सिपगत उद्देश्यहरूको निर्धारण भाषापाठ्यक्रममा गरिन्छ ।

निर्धारित उद्देश्यहरूको परिपूर्तिका लागि उपयुक्त हुने गरी भाषापाठ्यवस्तुको छनोट गरिन्छ । यसरी पाठ्यवस्तुको छनोट गर्दा विधागत विविधता तथा तिनको वितरण, क्षेत्र र क्रमलाई महत्त्वका साथ हुनुपर्छ । भाषापाठ्यक्रमले पाठ्यवस्तु शिक्षणका विधि तथा कार्यकलापका बारेमा निर्देश गरेको हुन्छ । त्यसअनुरुप मूल्याङ्कन गर्ने व्यवसथा पाठ्यक्रममा निर्धारण गरिएको हुन्छ । कुन विधा र पाठबाट के कस्ता प्रश्नहरू सोध्ने, तिनका लागि कति अङ्क दिने भन्ने कुरा पनि पाठ्यक्रमले निर्दिष्ट गरेको हुन्छ । यसरी पाठ्यक्रमले निश्चित समयावधिभित्र उक्त विषयका लागि प्राप्त हुने पाठ्यभारका आधारमा विधागत समय र प्रत्येकका लागि अङ्कभार समेत छुट्याइएको हुन्छ । अतः यसले शैक्षिक कार्यकलापमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।


पाठ्यक्रमले निर्देश गरेको जम्मा समयावधि पाठ्यभार र पूर्णाङ्कका आधारमा निर्धारित लक्ष्य हासिल गर्नका लागि पाठ्यवस्तुको एकीकृत स्वरुपमा पाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देश गरेको पाठ्यवस्तुलाई उपयुक्त किसिमले छनोट गरिन्छ र स्तरसापेक्ष स्तरीय रुपमा स्तरण गरिन्छ । यसरी पाठ्यवस्तुको छनोट गर्दा विद्यार्थीको आवश्यकता, रुचि र क्षमतालाई ख्याल गरिनुपर्छ भने स्तरणका क्रममा सरलतादेखि जटिलताको क्रमलाई ख्याल गरिनुपर्छ । उपयुक्त किसिमका पाठ्यवस्तुको छनोट विधागत रुपमा गरिएको हुन्छ । विधा शिक्षणको उद्देश्यअनुरुप कार्यकलाप संचालन गर्न शिक्षकलाई कार्ययोजना तयार गर्न पनि यसले सहयोग गर्दछ । अझ पाठ्यक्रमको उद्देश्य पूरा गर्न पाठ्यपुस्तकलाई आधार सामग्रीको रुपमा प्रयोग गरिन्छ । यसले समय सीमा अनुसार पाठ्यवस्तुको शिक्षण सिकाइ कार्यकलापलाई कार्यान्वयन गर्न मद्दत पुर्‍याउँछ (शर्मा र पौडेल, २०६० : ३५२-५६) । यसर्थ भाषा पाठ्यपुस्तकलाई मुद्रित शिक्षकका रुपमा मानिन्छ ।

भाषा अभ्यासबाट सिकिन्छ । अभ्यास जति बढी हुन सक्छ, त्यति नै दिगो र स्थायी हुन पुग्दछ । अतः अभ्यासले मानिसलाई पोख्त बनाउँदछ भन्ने कथन भाषा सिकाइका सन्दर्भमा पनि निकै सान्दर्भिक देखिन्छ । मातृभाषाकै पढाइ र लेखाइमा पनि विद्यार्थीले सचेत प्रयास र विशेष अभ्यास गर्नुपर्छ । प्रशस्त पुनरावृतिको अवसर प्राप्त भएमा बानीको विकास राम्रो हुन सक्छ । फलस्वरुप पढाइ र लेखाइ पनि सहज हुन सक्छ । यसरी पहिलो भाषाको सिकाइमा त अभ्यासको निकै खाँचो पर्दछ भने दोस्रो भाषा सिकाइका लागि त अभ्यासको भूमिका महत्त्वपूर्ण रहन्छ (शर्मा र पौडेल, २०४९ : ७) ।

नमुना अभ्यास र पाठ्यक्रमको अनुरुपात्मक सम्बन्ध हुने कुरा मननीय छ । विद्यार्थीले गर्ने अभ्यास, कार्यकलापमा नै पाठ्यक्रमको उद्देश्य निर्भर रहन्छ । नमुना अभ्यासले एकातिर विद्यार्थीलाई क्रियाकलाप उन्मुख गराउँदै लैजान्छ भने अर्कोतिर यो मूल्याङ्कनात्मक पनि हुन्छ । अभ्यासमा समावेश गरिने प्रश्नहरू विशिष्टीकरण तालिकासँग मेल खाने हुनुपर्दछ । नेपाली विषयको विशिष्टीकरण तालिकामा जम्मा चार तहका प्रश्नबाट मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ । जसमा ज्ञान, बोध, व्यावहारिक सिप र उच्च दक्षता मापन गर्न प्रश्नहरू समावेश गरिन्छन् । ज्ञानअन्तर्गत पढेर जानिने किसिमका प्रश्नहरू सोधिन्छन् । यस अन्तर्गत शब्दार्थ र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू पर्दछन् । बोध अन्तर्गत प्राप्त उपलब्धिको मापन गरिने किसिमका प्रश्नहरू समावेश गरिन्छ । वाक्यरचना, पदसङ्गति, शब्दनिर्माण , वर्णविन्यास, कारक र विभक्ति आदि व्याकरणसँग सम्बन्धित प्रश्नहरू पनि व्यावहारिक सिपअन्तर्गत समावेश गरिएका हुन्छन् । उच्च दक्षतामा विश्लेषणात्मक, संश्लेषणात्मक र मूल्याङ्कनात्मक प्रश्नहरू रहन्छन् । यसमा

विवेचनात्मक, सङ्क्षिप्त उत्तरात्मक, सारांश लेखन, व्याख्या र स्वतन्त्र रचना क्षेत्रलाई समेटिएको हुन्छ (अधिकारी, २०६१) ।

नमुना अभ्यासबाट विद्यार्थीहरूले लक्ष्य प्राप्त गर्ने हुँदा नमुना अभ्यास र पाठ्यक्रमका बिच प्रत्यक्ष सम्बन्ध रहन्छ । यसको उपयुक्तता हुनु भनेकै लक्ष्य प्राप्त गर्ने मार्ग सहज र उपयुक्त हुनु हो । अतः भाषापाठ्यक्रम, पाठ्यपुस्तक र नमुना अभ्यासको अनुरुपात्मक सम्बन्ध रहेको हुन्छ । यसलाई तलको रेखाचित्रबाट स्पष्टरुपमा बुझ्न सकिन्छ ।




(पौडेल, भट्टराई र बराल, २०६८)

यहाँ के कुरामा स्पष्ट हुनु जरुरी छ भने भाषा पाठ्यक्रमका आधारमा भाषापाठ्यपुस्तक निर्माण गरिन्छ । भाषापाठ्यपुस्तकमा पाठअनुरुप नमुना अभ्यासको समावेश हुन्छ । नमुना अभ्यासले पाठ्यक्रमका उद्देश्यसँग सिधा सम्बन्ध राख्छ । अत : पाठ्यक्रमको उद्देश्य प्राप्ति अभ्यासमा भर पर्दछ । एउटा पाठ्यक्रम निर्माणका लागि उद्देश्य, विधाको क्षेत्र, क्रम, शिक्षण सिकाइ कार्यकलाप र मूल्याङ्कन प्रक्रिया प्रमुख अंग मानिन्छ । यिनीहरूकै एकीकृत सम्बन्धबाट सम्पूर्ण शैक्षिक कार्यक्रम निर्देशित र नियन्त्रित भई लक्ष्य प्राप्तिसम्म पुगिन्छ ।

**समस्या कथन**

मातृभाषा नेपाली हुने र नहुने विद्यार्थीहरूलाई स्तरीय नेपाली बोल्दा, पढ्दा र लेख्दा पर्न सक्ने कठिनाइहरू हटाउन निश्चित तह र कक्षाको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका नमुना अभ्यासको अध्ययनले सहयोग गर्दछ, प्रस्तावित अध्ययन निम्न लिखित समस्याहरूमा केन्द्रित रहेका छन् :-

क) कक्षा १० को नमुना अभ्यासहरू पाठ्यक्रमको उद्देश्य प्राप्तिमा सहयोगी छन् ?

ख) कक्षा १० को नमुना अभ्यासहरू पाठ्यपुस्तकमा प्रयुक्त विषयबस्तु अनुरुप छन् ?

ग) कक्षा १० को नमुना अभ्यासहरू विधाको क्षेत्र र क्रमका आधारमा सिपगत विविधता अनुरुप राखिएका छन् ?

घ) कक्षा १० को नमुना अभ्यासहरू विद्यार्थीको उमेर, रुचि र मानसिक स्तर अनुसार छन् ?

**अध्ययनको औचित्य र महत्त्व**

अनुसन्धान कार्यबाट कसलाई लाभ वा फाइदा, उपलब्धि तथा सहयोग पुग्दछ भन्ने विषयको तर्कपूर्ण निर्देश शोधको औचित्य हो । भाषिक व्यवहारलाई प्रभावकारी रुपमा सक्षम बनाउदै लैजानु भाषा शिक्षणको लक्ष्य हो यो लक्ष्य प्राप्तिका सन्दर्भमा भाषा पाठ्यक्रमको निर्माण गरिएको हुन्छ । यसरी लक्ष्य प्राप्तिको साधनका रुपमा भाषापाठ्यपुस्तकको प्रयोग हुन्छ । भाषिक सिप र व्यवहारलाई सक्षम बनाउन भाषा पाठ्यपुस्तकमा अभ्यासको प्रयोग गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा दिइएको अभ्यासमा के सिक्ने, कसरी सिक्ने, कति सिक्ने भन्ने सन्दर्भमा वैज्ञानिक र व्यवस्थित रुपमा संयोजन गरिएको हुनुपर्दछ ।

भाषा पाठ्यपुस्तकमा कक्षागत तह अनुसार विधाहरूको छनौटका साथै भाषिक सिपको विकास विधाको प्रकृति अनुसार अभ्यासमा जोड दिनुपर्छ । भाषा पाठ्यपुस्तकलाई स्तरीय र उपयोगी बनाउन नमुना अभ्यासलाई विद्यार्थीको स्तर अनुकूल एकीकृत र एककालिकताको भाषा शिक्षणको सिद्धान्तमा मिलान हुने गरी निर्माण गर्नुपर्छ । यसर्थ भाषा सिकाइका लागि भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन हुनु आवश्यक हुन्छ । प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व तपसिल बमोजिम स्वतः सिद्ध हुनेछ ।

क) अहिलेसम्म कक्षा १० का नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरूको अध्ययन नभएकामा यो पहिलो अध्ययन भएकाले

ख) यस अध्ययनबाट नेपाली भाषा शिक्षक, विद्यार्थी, अभिभावक, भाषापाठ्यक्रमविद् र मूल्याङ्कनविद् लगायत सम्पूर्ण सरोकारवालाहरू उद्देश्य प्राप्तिमा लाभान्वित हुने भएकाले

ग) यस नमुना अभ्यासको अध्ययनले भाषिक सिप प्राप्तिमा जोड दिने भएकाले

घ) प्रस्तुत अध्ययनले विद्यार्थीले अभ्यासका माध्यमबाट छिटो,सरल, सहज ढङ्गले धारणा विकास गर्ने हुँदा मनोवैज्ञानिक सिद्धान्त अनुसार भाषिक अभ्यासहरूलाई निर्माण गर्न जोड दिने हुँदा

ङ) भाषा पाठ्यपुस्तकमा भएका अस्पष्ट, असान्दर्भिक, अवैज्ञानिक अभ्यासको अध्ययन गरी सुझाव दिन ।

विद्यार्थीहरूको भाषिक क्षमता विकास गर्नु भाषापाठ्यपुस्तकको मुख्य उद्देश्य रहेको छ । यो पाठ्यपुस्तकमा सिकारुको भाषिक सिप विकास गर्ने गरी अभ्यासहरू राखिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा अभ्यासहरूको संयोजन गर्दा सरलदेखि जटिल, ज्ञातबाट अज्ञात र मूर्तबाट अमूर्तरुपमा हुने गरी राख्नुपर्दछ । यी विभिन्न सन्दर्भहरूको सापेक्षतामा नमूना अभ्यासहरूको महत्त्व रहेको छ ।

अभ्यासहरूको माध्यमबाट विद्यार्थीहरूमा सुनाइ,बोलाइ,पढाइ र लेखाइ क्षमताको विकास हुन्छ । विद्यार्थीमा कल्पनात्मक क्षमताको विकास गर्न पनि नमुना अभ्यासहरू नै सहयोगी मानिन्छन् । सिर्जनात्मक सिप विकास गर्नु भनेको विद्यार्थीलाई भाषिक व्यवहारमा सक्षम बनाउनु नै हो । यसर्थ यसमा समावेश गरिएका नमुना अभ्यासहरू स्तरीय, उपयुक्त क्रमबद्य र सापेक्ष हुन सकेन भने अपेक्षित भाषिक उपलब्धि हासिल हुन सक्दैन । यसर्थ भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासहरू उपयुक्त र औचित्यपूर्ण रहेको छ ।

**अध्ययनको उद्देश्य**

उद्देश्यबिना गरिएको कार्य सफल नहुन पनि सक्छ । निश्चित योजना बनाई अगाडि बढेमा सफलता हात पर्छ । प्रस्तुत नमुनमा अभ्यासका अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) पाठ्यक्रम अनुरुपताका आधारमा नमुना अभ्यासहरू उपयुक्त भएको नभएको हेर्नु,

ख) कक्षा १० को नेपाली भाषा पाठ्पुस्तकमा भएका विषयवस्तु अनुरुप नमुना अभ्यासहरू रहेको नरहेको हेर्नु,

ग) नमुना अभ्यासहरू विधाको क्षेत्र र क्रमका आधारमा सिपगत विविधता अनुरुप वर्गीकरण र विश्लेषण गर्नु ,

घ) नमुना अभ्यासलाई विद्यार्थीहरूको उमेर, रुचि र मानसिक स्तर अनुरुप भएको नभएको हेर्नु ।

**अध्ययनको प्राक्कल्पना**

प्रस्तुत शोधकार्यको अनुसन्धानका आधारमा निम्न अनुसारका प्राक्कल्पना तयार गरिएका छन्

क) कक्षा १० का नेपाली भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासहरू कक्षागत स्तर अनुसार उपयुक्त हुनसकेका छैनन् ।

ख) कक्षा १० को नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासले सिपगत विविधतामा जोड दिएका छन् ।

ग) विधागत विविधताअनुसार नमुना अभ्यासमा विविधता आउन सकेको छैन ।

**अध्ययनको परिसीमा**

प्रस्तावित शोधलाई निम्नानुसारका बुँदाका आधारमा सीमाङ्कन गर्न सकिन्छ :

क) प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्क्रम विकास केन्द्रद्वारा लागु गरिएको माध्यमिक तह कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अध्ययनमा सीमित रहेको छ ।

ख) यो अध्ययन अभ्यासहरूको पुनरावृत्ति र निरन्तरताको अध्ययनमा आधारित छ ।

ग) यो अध्ययन नमुना अभ्यासहरूको छनोट र स्तरणमा आधारित रहेको छ ।

घ) यो अध्ययन कक्षा १० मा भएका नमुना अभ्यासहरूको उपयुक्तता, सान्दर्भिकता र वैधतामा आधारित छ ।

ङ) अध्ययनको निष्कर्ष विषयवस्तुको विश्लेषणमा आधारित रहेको छ ।

**पारिभाषिक शब्द**

**मावि** - मावि भन्नाले सुनसरीको कोसी बाढी पीडित क्षेत्रका १० सम्म सञ्चालित विद्यालय भन्ने बुझ्नुपर्छ ।

**भाषा पाठ्यपुस्तक -** भाषा पाठ्यपुस्तक भन्नाले भाषिक सिप शिक्षणमा उपयोग गरिने पाठ्यपुस्तकलाई सम्झनुपर्छ ।

**सामग्री -** सामग्री भन्नाले शिक्षणसिकाइलाई सहज बनाउने उपकरणलाई बुझ्नुपर्छ ।

**मूल्याङ्कन - मूल्याङ्कन** भन्नाले सम्पूर्ण भाषिक कार्यक्रमको लेखाजोखा भन्ने बुझ्नुपर्छ ।

**नमुना अभ्यास** - नमुना अभ्यास भन्नाले कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका सम्पूर्ण प्रकृतिका अभ्यासहरू बुझ्नुपर्छ ।

**भाषा शिक्षण** - भाषा शिक्षण भन्नाले भाषिक सिप सिकाउन प्रयोग गरिने सम्पूर्ण प्रक्रिया बुझ्नुपर्छ ।

**विधा -** विधा भन्नाले कथा, कविता, उपन्यास, निबन्ध, चिठी र रुपकलाई बुझ्नुपर्छ ।

# अध्याय दुई

## पूर्वकार्यको समीक्षा

### पूर्वकार्यको समीक्षा

नेपाली भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासका बारेमा यो अनुसन्धान कार्यको पूर्व सन्ध्यामा भएका अनुसन्धानको बारेमा चर्चा गरिएको छ ।

सन्तोष ढकाल (२०६९) द्वारा **कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरुपताको अध्ययन** शीर्षकको शोधपत्र शिक्षाशास्त्र संङकाय स्नातकोत्तर तह दास्रो बर्षको प्रयोजनार्थ प्रस्तुत गरिएको छ । यसमा अभ्यास सरलदेखि जटिलताको क्रममा प्रस्तुत गरिएको उद्देश्य अनुरुप सुनेका र पढेका पाठहरूको आधारमा कथाहरू सिर्जना गर्न विद्यार्थीका लागि अभ्यास दिइएको र नमुना अभ्यासहरू गर र सिक भन्ने धारणाबाट राखिएका भनेर प्रस्तुत गर्नु भएको छ । उद्देश्यगत आधारलाई मान्दा सुनाइ, बोलाइ र पढाइलाई भन्दा लेखाइ सिपलाई बढ्ता जोड दिइएको निष्कर्ष निकालिएको छ ।

केदारप्रसाद शर्मा (२०५२) ले **प्राबि तहका भाषा पाठ्पुस्तकमा प्रयुक्त नमुना अभ्यासको विश्लेषण** शीर्षकको शोधपत्र प्रस्तुत गरेका छन् । यसमा नमुना अभ्यासहरू अव्यवस्थित, असन्तुलित, विषयवस्तुका सिकाइमा केन्द्रित, एकल प्रकृतिका भएका र तिनले लेखन कार्यकलापलाई मुख्य स्थान दिएको पाइन्छ । पाठ्यपुस्तकका अभ्यासले प्रभावकारी रुपमा सिप विकासमा जोड दिन नसकेको देखिन्छ । यसमा भाषा पाठ्यपुस्तक विधिको प्रयोग गरिएको पाइन्छ । विषयवस्तुकै सिकाइलाई महत्त्व दिने गरी गरिएको भएतापनि विषयवस्तु पनि असान्दर्भिक भएको चर्चा छ र यसमा भाषा पाठ्यक्रमले वास्तविक मर्म बुझ्न नसकेको निष्कर्ष दिइएको छ ।

डिल्लीराम रिमाल (२०५३) द्वारा लिखित निम्न माध्यमिक तहको **नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन** स्नातकोत्तर उपाधि प्रप्तिका लागि शोधपत्र प्रस्तुत गरिएको छ । यो सिद्धान्त विशेषमा आधारित नभई वैयक्तिक आग्रहमा मात्र सीमित रहेको छ । यसमा प्रयोगात्मक रूपमा अन्तर्वार्ता, प्रश्नोत्तर जस्ता माध्यमको प्रयोग गरिएको छ । यस अध्ययनमा पाठ्यपुस्तकमा समाविष्ट गरिएका अभ्यासका कमजोरी देखाइएको छ । सिप विकासको लागि समावेश गरिएको अभ्यासले व्यावहारिक रुपमा सिप सिकाउन नसक्ने भनी निष्कर्ष निकालिएको पाइन्छ ।

केशवप्रसाद काफ्ले (२०६६) द्वारा **कक्षा १० को नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको आफ्नो एमएड दोस्रो वर्षको शोधपत्रमा भाषापाठ्यक्रम अनुरुपकै पाठ्यपुस्तक तयार भएपनि विभिन्न प्रकृतिका प्रश्नहरू समावेश नभएको छनोट र स्तरणमा ध्यान नदिएको, क्रमिकतामा ध्यान नदिएको निष्कर्ष निकालिएको छ । यसमा प्रयोगात्मक पुस्तकालयीय अध्ययन विधिको प्रयोग भएको देखिन्छ । निरन्तरता छनोट र स्तरणमा कमजोरी भएका अभ्यासले सिपलाई परिष्कार र परिपक्व बनाउन नसक्ने निष्कर्ष निकालिएको छ ।

सोमनाथ कट्टेल (२०६१) ले **कक्षा ८ को भाषा पाठ्यपुस्तकमा समाष्टि व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषण र अध्ययन** शीर्षकको शोधपत्र प्रस्तुत गरिएको छ । यस अनुसन्धानमा व्याकरणिक पा्ठ्यवस्तुको स्तरण गर्दा पाठ्यक्रम र पाठ्यपुस्तकमा एकरुपता पाइँदैन । पाठ्यक्रममा श्रुतिसमभिन्नार्थक शब्दलाई उल्लेख गरिएको भए पनि पाठ्यपुस्तकमा उल्लेख गरिएको छैन भन्ने निष्कर्ष निकालिएको छ । यस आधारमा पाठ्यक्रम र पाठ्यपुस्तकमा धेरै कमजोरी भएको भनिएको छ । पाठ्यक्रमका सम्पूर्ण विषयवस्तुलाई पाठ्यपुस्तकमा वैज्ञानिक रुपमा प्रस्तुत गर्न नसकिएको गुनासो छ ।

**पूर्व कार्यको उपयोगिता र कार्यान्वयन**

आफूले गर्ने शोध अनुसन्धानसँग सम्बन्धित शीर्षक नजिकको शीर्षक लिएर आफूभन्दा अगाडिका शोधार्थीहरूले के कति काम सम्पन्न गरेका छन् ? ती अनुसन्धान पूरा गर्ने सम्बन्धमा के कस्तो सैद्धान्तिक ज्ञानको प्रयोग भएको छ भन्ने कुरा पूर्व कार्यको उपयोगिता र कार्यान्वयनमा प्रस्तुत गरिन्छ । नमुना अभ्यासहरूको अध्ययनका सन्दर्भमा प्रावि, निमावि तहका नमुना अभ्यासहरूको अध्ययन भएका शोधपत्र प्रशस्त छन् । विशेषत यी अनुसन्धानात्मक शोध कार्यले नमुना अभ्यासहरू वैज्ञानिक छैनन् भने पनि वैज्ञानिक र उपयोगी नमुना अभ्यास नमुनाका रुपमा प्रस्तुत गर्न सकेका छैनन् । आखिर यी अनुसन्धानात्मक शोधपत्रद्वारा नमुना अभ्यासलाई अध्ययन गर्ने गोरेटो प्रदान गरेको छ । माध्यामिक तहका विद्यार्थीहरूको भाषापाठ्पुस्तकमा आधारित नमुना अभ्यासात्मक शोधपत्र उपलब्ध छैनन् । यी शोधपत्रहरूको उपलब्धताको कमी भएपनि व्याकरणात्मक नमुना अभ्यासहरूको अध्ययनमा आधारित शोधपत्रहरू पाउन सकिन्छ । यस प्रकृतिका शोधपत्रहरूबाट सान्दर्भिकता, उपयुक्तता, स्तरीयता, क्रमिकता र निरन्तरताको अध्ययन गर्ने आधार प्राप्त गर्न सकिन्छ ।

कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा आधारित प्रस्तुत शोधकार्यद्वारा एसएलसी दिने विद्यार्थीहरूका लागि नमुना अभ्यास गर्ने आधारहरू प्रदान गर्न सक्छ । उक्त विद्यार्थीहरूका लागि आवश्यक स्तरीय र उपयुक्त नमुना अभ्यास प्रस्तुत गर्न सहयोग गर्छ । आजसम्म वर्तमान भाषापाठ्यपुस्तकमा आधारित नमुना अभ्यासहरूको अध्ययन हुन नसकेको अवस्थामा यो नितान्त मौलिक अनुसन्धानात्मक कृति हुनेछ । यस शोधपत्रका लागि नेपाली भाषा शिक्षणका भाषा पाठ्यपुस्तक, भाषापाठ्क्रमलाई मुख्य सहयोगी पुस्तकका रुपमा लिइएको छ । भाषा अनुसन्धानसँग सम्बन्धित पाठ्क्रम र मूल्याङ्कनका पुस्तकहरू पनि त्यतिकै उपयोगी छन् ।

**सैद्धान्तिक/ धारणात्मक संरचना**

प्रस्तुत शोधकार्य नमुना अभ्यासहरूको अध्ययन कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास र पारसमणि भण्डारीद्धारा लिखित नेपाली भाषा र साहित्य शिक्षण (२०६७), (काठमाडौँ, विद्यार्थी पुस्तक प्रकाशन) पुस्तकमा आधारित भएर अध्ययन गरिएको र यसका साथै माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यकमलाई पनि आधार बनाई निष्कर्ष निकालिएको छ । यो शोधकार्य सम्पन्न गर्न भाषिक सिप शिक्षणको धारणासँग सम्बन्धित पाठ्यपुस्तकहरू पनि सहयोगी हुने देखिएको हुँदा केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलको नेपाली भाषा शिक्षणका सन्दर्भहरू पनि उपयोगी भएको हुँदा यसको आधारमा पनि यो कार्य गरिएको छ । यसका अतिरिक्त निम्नमाध्यमिक तथा माध्यमिक शिक्षक दिग्दर्शन भाग २ सँग सम्बन्धित विष्णुप्रसाद अधिकारीको पाठ्यपुस्तकबाट विधा शिक्षणको धारणा र भाषिक मूल्याङ्कनको सिद्धान्तका साथै भाषा शिक्षणका विधि र पद्धति सम्बन्धी धारणालाई पनि उपयोगी बनाइएको छ ।

# अध्याय तीन

## अध्ययनको प्रक्रिया/विधि

### अध्ययनको संरचना

प्रस्तावित अध्ययन सैद्धान्तिक प्रकृतिको भएकाले  निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिका लागि मूल रूपमा पुस्तकालय विधिको प्रयोग गरिएको छ। पुस्तकालय विधिबाट सङ्कलित सामग्रीहरूलाई व्याख्यात्मक र विश्लेषणत्मक विधिको प्रयोग गरेर निष्कर्षमा पुगिएको छ । यो शोधकार्य सिर्जनात्मक रुपमा सम्पन्न गर्न आगमन बिधि निकै उपयोगी हुने ठहर्छ । यो अध्ययन पुस्तकालयीय विधि, व्याख्यात्मक विश्लेषणात्मक विधि र निगमन विधिको प्रयोग गरिएको हुँदा सैद्धान्तिक प्रकृतिको देखिएकाले सङ्ख्यात्मक र गुणात्मक भूमिका खेल्न उपयोगी ठहर्छ ।

### जनसङ्ख्या र नमुना

प्रस्तुत अध्ययन कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा भएका नमुना अभ्यासको अध्ययनमा आधारित भएपनि सुनसरी जिल्लाका कोसी बाढी पीडित क्षेत्रभित्र पर्ने ४ वटासम्म विद्यालयलाई आधार मानी उपयुक्तता स्तर अनुकूलता, सान्दर्भिकता र विद्यार्थीका रुचि आवश्यकता पहिचान गरिएको छ । यसै नमुनाका आधारमा सामन्यीकरण गर्ने प्रयास गरिन्छ ।

### नमुना छनोट प्रक्रिया

कक्षा १० को नमुना अभ्यासको अध्ययन गर्नु विशेषज्ञहरूको सुझ र विचारलाई महत्त्व दिनुको साथै चारवटा माविबाट तपशीलका आधारमा नमुना छनोट गरिएको छ :

क) कोसी बाढीपीडित क्षेत्र वरपरका प्रत्येक सरकारी विद्यालयका उच्च क्षमता भएका विद्यार्थीहरू प्रत्येक विद्यालबाट २ जनाका दरले जम्मा ८ जना,

ख) कोसी बाढीपीडित क्षेत्र वरपरका प्रत्येक सरकारी विद्यालयका शिक्षकहरू प्रत्येक विद्यालयबाट ३ जनाका दरले जम्मा १२ जना,

ग) कोसी बाढीपीडित क्षेत्र वरपरका प्रत्येक सरकारी विद्यालयका निम्न क्षमता भएका विद्याार्थीहरू प्रत्येक विद्यालयबाट २ जनाका दरले जम्मा ८ जना गरी कूल जम्मा २८ जना जनसङ्ख्या रहेका छन् ।

### तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुत अध्ययनमा निम्नानुसारका दुई किसिमका सामग्रीहरूको प्रयोग गरिएको छ :

#### क) प्राथमिक सामग्री

प्रस्तुत शोधमा विद्यार्थी, शिक्षक र विशेषज्ञसँग गरिएका छलफल, अन्तर्वार्ता र प्रश्नावलीलाई प्राथमिक सामग्रीका रुपमा उपयोग गरिएको छ ।

### ख)  द्‌वितीयक सामग्री

प्रस्तावित शोधमा भाषा पाठ्यपुस्तकमा भएका अभ्यासहरूको अध्ययनका लागि भाषाका सम्बन्धमा चर्चा गरिएका सैद्‌धान्तिक पुस्तक, पत्रपत्रिका, लेखरचना, नमुना अभ्यासका सम्बन्धमा गरिएका शोध, अनुसन्धानहरूलाई द्‌वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तावित 'कक्षा १० को नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको शोधमा जनक शिक्षा सामग्री केन्द्रद्‌वारा प्रकाशित कक्षा १० को नेपाली पाठ्यपुस्तकलाई सामग्रीको रूपमा उपयोग गरिएको छ ।

### तथ्याङ्क सङ्कलन प्रक्रिया

अनुसन्धान वैध, विश्वसनीय, वस्तुनिष्ठ बनाउन उपकरण आवश्यक पर्दछ । प्रस्तुत शोधकार्य प्रथमिक श्रोतलाई कक्षा १० को पाठ्यपुस्तकलाई आधार मानी द्‌वितीयक श्रोतका आधारमा तयार गरिएको छ ।

क) यस कार्यमा पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको आधार बनाइएको छ ।

ख) यसमा सम्भवत पत्रपत्रिका अनुसन्धानसँग सम्बन्धित पुस्तक लेख रचनालाई आधार बनाइएको छ ।

ग) सम्बन्धित कोसी बाढी पीडित क्षेत्रभित्रका शिक्षकहरूको राय सुझावलाई मार्ग दर्शनका रुपमा लिइएको छ ।

### तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

प्रस्तुत शोधको विधि तथा प्रक्रिया मुलतः पुस्तकालयीय विधि, तुलनात्मक विधि र व्याख्या विश्लेषण विधि समेत उपयोग गरिएको छ । निम्न लिखित प्रक्रियाका आधारमा प्रस्तुत शोधकार्य अगाडि बढाइएको छ :

क) भाषा पाठ्यपुस्तकमा रहेका अभ्यासहरू सकेसम्म सरल संक्षिप्त रुपमा विश्लेषण गरिएको छ ।

ख) पाठ्क्रम अनुरुपताप्रति ध्यान दिइएको छ ।

ग) अध्ययनको मुख्य विधि पुस्तकालयीय विधि हो ।

घ) विभिन्न विद्‌वानले गरेका अभ्यासलाई आधार बनाइएको छ ।

# अध्याय चार

## नतिजा  परिणाम र छलफल

### नतिजा परिणाम

नेपाल बहुभाषिक देश भएकाले नेपाली भाषामा दक्षता प्राप्त गर्न स्तरीय अभ्यासको छनोट गर्नुपर्छ । तहगत स्तरीयता निर्वाह गर्न तल्ला तहमा प्रारम्भिक तथा आधारभूत र माथिल्ला तहमा स्तरवृद्धि गर्दै अभ्यासलाई लैजानुपर्छ । अपेक्षित उद्देश्य र आवश्यकता पूरा गर्न सक्ने गरी विधागत रुपमा अभ्यासको छनोट गर्ने प्रयास गरिएको छ । यो भाषा पाठ्यपुस्तकमा समावेश गरिएको अभ्यासका आधारमा नतिजा निकालिएको छ :-

**कक्षा १० को कविता विधामा प्रयुक्त नमुना अभ्यासको छनोट**

कविता लयात्मक विधा हो । यो गद्य र पद्य गरी दुई किसिमका हुन्छन् । कक्षा १० मा पद्यमा आधारित कविता मात्र समावेश गरेको पाइन्छ । यी कविता विधामा प्रयुक्त नमुना अभ्यासहरूको छनोट निम्नानुसार गरिएको छ :-

| क्र.सं. | प्रश्नोत्तर | बैशाख | सहिदहरूको सम्भ्कना |
|---|---|---|---|
| १. | मौखिक उत्तर दिनुहोस् । | मौखिक उत्तर दिनुहोस् । | मौखिक उत्तर दिनुहोस् । |
| २. | गति, यति र लय मिलाएर वाचन गर्नुहोस् । | गति, यति र लय मिलाएर वाचन गर्नुहोस् । | लय मिलाएर वाचन गर्नु होस् । |
| ३. | शब्दको शुद्ध उच्चारण गर्नुहोस् । | शब्दको शुद्ध उच्चारण गनुहोस् । | शुद्धसँग उच्चारण गर्नु होस् । |
| ४. | शब्दको अर्थ भन्नुहोस् । | शब्दको अर्थ भन्नुहोस् । | शब्दको अर्थ भन्नुहोस् । |
| ५. | शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् । | शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् । | |
| ६. | प्रचलित वर्णविन्यास अनुसार लेखेर देखाउनुहोस् । | ब, म बर्णका शब्द टिपी वर्णानुक्रममा राख्नुहोस् । | शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् । |
| ७. | प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् । | शब्दको पर्यायवाची शब्द लेख्नुहोस् । | ता र ई प्रत्यय लागेका शब्दहरू खेजी प्रकृति प्रत्यय छुट्याउनुहोस् । |

| | | | |
|---|---|---|---|
| ८. | सप्रसङ्ग व्याख्या गर्नुहोस् । | तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् । | क्रियापदलाई अकरणमा बदल्नुहोस् । |
| ९. | विवेचनात्मक उत्तर दिनुहोस् । | सप्रसङ्ग व्याख्या गर्नुहोस् । | विपरीतार्थक शब्द लेख्नु होस् । |
| १०. | कक्षामा छलफल गरी निष्कर्ष सुनाउनुहोस् । | विवेचनात्मक उत्तर दिनु होस् । | सङ्क्षिप्त उत्तर दिनुहोस् । |
| ११. | | प्राकृतिक सौन्दर्यका बारेमा कक्षामा छलफल गरी आफ्नो विचार लेख्नुहोस् । | सप्रसङ्ग व्याख्या गर्नु होस् । |
| १२. | | | व्याख्या गर्नुहोस् । |
| १३. | | | विवेचनात्मक उत्तर दिनु होस् । |

**कक्षा १० मा कथा विधामा प्रयुक्त नमुना अभ्यासको छनोट**

भाषिक सिपहरूको विकास गर्न निकै सघाउ पुर्‍याउन सक्ने गरी कथाको छनोट गरिएको हुन्छ । कथा शिक्षणको प्रयोजन साहित्यिक आस्वादन गराउनु, भाषिक परिवारका साथै मनोरञ्जन दिनु, विषयबोध र रुचि सम्बर्द्धन गर्नुका साथै नैतिक उपदेश, अनुशासन, चरित्रनिर्माण र सिर्जनशील क्षमताको विकास गराउनु हो (शर्मा र पौडेल, २०६० : १९८ ) । कक्षा १० को कथा विधामा छनोट भएका नमुना अभ्यासहरू निम्न छन् :

**कथा शीर्षक**

| **क्र.सं** | **कर्तव्य** | **दोषी चस्मा** | **न्यायको पक्ष** |
|---|---|---|---|
| १. | प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् । | प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् । | प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् । |
| २. | शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् । | दोस्रो र तेस्रो अनुच्छेद सस्वर वाचन गर्नुहोस् । | शब्दको उच्चारण गर्नुहोस् । |
| ३. | शब्दहरूको अर्थ लेख्नुहोस् । | शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् । | शब्दको उच्चारण गर्नुहोस् । |
| ४. | अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । | शब्दहरूको अर्थ भन्नुहोस् । | शब्दको अर्थ भन्नुहोस् । |

| | | | |
|---|---|---|---|
| ५. | पाठका अनुच्छेद पढी तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् । | शब्दहरूको प्रकृतिप्रत्यय छुट्याएर सोही प्रत्ययबाट दुई शब्द निर्माण गर्नुहोस् । | शब्दको अनेक अर्थ लेख्न वाक्यमा प्रयोग गर्नुहोस् । |
| ६. | इक र इत प्रत्यय लागि बनेका शब्द टिपी प्रकृति र प्रत्यय छुट्याउनुहोस् । | श्रुतिसमभिन्नार्थक शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् । | अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । |
| ७. | समस्त शब्दको विग्रह गर्नुहोस् । | 'क' र 'अ' वर्णका शब्द टिपी नाम, सर्वनाम र विशेषण छुट्याउनुहोस् । | वाक्य सच्याएर कापीमा सार्नुहोस् । |
| ८. | अनुकरणात्मक शब्द खोजी वाक्यमा प्रयोग गर्नुहोस् । | अर्थ स्पष्ट हुने गरी मिश्र वा संयुक्त वाक्यमा प्रयोग गर्नु होस् । | रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याउनुहोस् । |
| ९. | प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् । | प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् । | प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् । |
| १०. | सप्रसङ्ग व्याख्या गर्नुहोस् । | सप्रसङ्ग व्याख्या गर्नुहोस् । | सप्रसङ्ग व्याख्या गर्नुहोस् । |
| ११. | विवेचनात्मक उत्तर दिनुहोस् । | विवेचनात्मक उत्तर दिनुहोस् । | व्याख्या गर्नुहोस् । |
| १२. | | दोषी चस्मा कथाको सारांश लेखी कक्षामा सनाउनुहोस् । | 'न्यायको पक्ष' कथाको कथासार लेख्नुहोस् । |
| १३. | | सम्भावित घटनाको कल्पना गरी कक्षामा सामूहिक छलफल गर्नुहोस् । | |

**कक्षा १० मा निबन्ध विधामा प्रयुक्त नमुना अभ्यासहरूको छनोट**

कुनै पनि विषयवस्तुको सीमाभित्र रहेर स्वतन्त्र रुपमा अभिव्यक्ति दिन सकिने विधाका रुपमा निबन्ध विधालाई लिइन्छ । यो विचारलाई स्वतन्त्र रुपमा प्रयोग गर्न सकिने साहित्यिक विधा हो । यसका माध्यमबाट अभिव्यक्ति क्षमता मापन गर्न सकिने , विचार पक्षलाई सबल पार्न सकिने देखिन्छ । कक्षा १० मा निबन्ध विधामा प्रयुक्त नमुना अभ्यासहरूको छनोट निम्नानुसार गरिएको छ :-

**निबन्ध शीर्षक**

| क.सं. | जय भोलि | मिथिला चित्रकला | यन्त्रमानव |
|---|---|---|---|
| १. | प्रश्नहरूको एक एक वाक्यमा उत्तर दिनुहोस् । | प्रश्नहरूको मौलिक उत्तर दिनुहोस् । | प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् । |
| २. | शब्दहरूको अर्थ भन्नुहोस् । | शब्दको शुद्ध रुप लेखेर देखाउनुहोस् । | पाठको पहिलो अनुच्छेदबाट शब्दवर्ग छुट्याउनुहोस् । |
| ३. | शब्दहरू उच्चारण गर्नुहोस् । | वाक्य सच्याएर सार्नुहोस् । | पाठको छैठो अनुच्छेद श्रुतिलेखन गर्नुहोस् । |
| ४. | अर्थ स्पष्ट हुने गरी मिश्र वाक्यमा प्रयोग गर्नुहोस् | उच्चारण गर्नुहोस् । | दोस्रो र तेस्रो अनुच्छेदबाट 'इक' प्रत्यय लागेका शब्दसङ्कलन गर्नुहोस् । |
| ५. | गद्यांश सच्याएर कापीमा सार्नु होस् । | अर्थ भन्नुहोस् । | शब्दहरू उच्चारण गर्नुहोस् । |
| ६. | पहिलो अनुच्छेद सस्वर वाचन गरी आशय भन्नुहोस् । | मूल शब्द र प्रत्यय छुट्याउनुहोस् । | अर्थ भन्नुहोस् । |
| ७. | चौथो अनुच्छेद पढी 'स' र 'म' वर्णका शब्द टिपी सान्दर्भिक अनुच्छेद तयार पार्नुहोस् । | वाक्यमा प्रयोग गर्नुहोस् । | अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् । |
| ८. | नवौं अनुच्छेदलाई संक्षेपीकरण गर्नुहोस् । | पाठको तेस्रौं अनुच्छेद सस्वर वाचन गर्नुहोस् । | पाठको आठौं अनुच्छेद सस्वरवाचन गर्नुहोस् । |
| ९. | अनुच्छेदबाट बुँदा टिपोट गर्नुहोस् । | अनुच्छेदबाट जातिवाचक नाम टिपोट गर्नुहोस् । | पाठको सातौं अनुच्छेद पढी मुख्य मुख्य पाँच बुँदा टिपोट गर्नुहोस् । |
| १०. | अनुच्छेदबाट 'इय' 'इक' र 'आइ' प्रत्यय लागेर बनेका शब्दहरू टिपी प्रकृतिप्रत्यय छुटयाई थप त्यस्तै शब्दहरू बनाउनुहोस् । | शब्दलाई नाम भए विशेषण र विशेषण भए नाम बनाउनुहोस् । | पाठको छैटौं अनुच्छेदलाई एक तृतीयांशमा छोट्याई मिल्दो शीर्षक दिनुहोस् । |
| ११. | दसौं अनुच्छेदबाट अव्यय शब्द छान्नुहोस् । | अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् । | सङ्क्षिप्त उत्तर दिनुहोस् । |

| | | | |
|---|---|---|---|
| १२. | प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् । | प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् । | सप्रसङ्ग व्याख्या गर्नुहोस् । |
| १३. | सप्रसङ्ग व्याख्या गर्नुहोस् । | पाँचौँ अनुच्छेद पढी मुख्यमुख्य बुँदा टिपोट गर्नुहोस् । | विवेचनात्मक उत्तर दिनुहोस् । |
| १४. | जय भोलि निबन्धले कस्ता सामाजिक बेथिति माथि व्याख्या गरेको छ ? | व्याख्या गर्नुहोस् । | यन्त्रमानवको बढ्दो प्रमाणले के बेरोजगारी समस्या नहोला, कक्षामा छलफल गरी बुँदा तयार पार्नुहोस् । |
| १५. | अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् । | विवेचनात्मक उत्तर दिनुहोस् । | |

**कक्षा १० को जीवनी विधामा प्रयुक्त नमुना अभ्यासहरूको छनोट**

जीवनी शिक्षणको मुख्य उद्देश्य पनि कथामा उल्लेख भएझैँ भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति सिपको विकास गराउनु हो । यो विधा विशिष्ट व्यक्तित्वका जीवनमा घटेका घटनाहरूलाई आधार मानी प्रस्तुत गरिने हुँदा यसका माध्यमबाट त्यस्ता विशिष्ट व्यक्तित्व तथा चरित्रहरूको मौखिक तथा लिखित वर्णन गर्ने सिपको विकास गराउन सकिन्छ (मा.ने.पा. २०६४) । कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको छनोट निम्नानुसार गरिएको छ :-

**जीवनी शीर्षक**

| **क्र.सं.** | **जयपृथ्वीबहादुर सिंह** | **इमानसिंह चेमजोङ** | **नेल्सन मन्डेला** |
|---|---|---|---|
| १. | प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् । | प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् । | प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् । |
| २. | अनुच्छेद सुनी प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् । | शब्दहरूको उच्चारण गर्नु होस् । | शुद्ध उच्चारण गर्नुहोस् । |
| ३. | शब्दहरूको उच्चारण गर्नुहोस् । | अर्थ भन्नुहोस् । | अर्थ भन्नुहोस् । |
| ४. | अर्थ भन्नुहोस् । | शब्दबाट उपसर्ग र प्रत्यय छुट्याउनुहोस् । | पाँचौँ अनुच्छेद सस्वरवाचन गर्नुहोस् । |
| ५. | अर्थ खुल्ने गरी वाक्यमा प्रयोग | अर्थ स्पष्ट हुने गरी | अर्थ स्पष्ट हुने गरी |

| | | | |
|---|---|---|---|
| | गर्नु होस् । | वाक्यमा प्रयोग गर्नुहोस् । | वाक्यमा प्रयोग गर्नुहोस् । |
| ६. | वाक्य सच्याएर कापीमा सार्नुहोस् । | पाठको दोस्रो अनुच्छेदबाट अज्ञातभूतका वाक्य खोजेर लेख्नुहोस् । | आठौँ अनुच्छेद बाट 'इ' 'इक' प्रत्यय लागेका शब्द टिप्नुहोस् । |
| ७. | 'इ' र 'निर' उपसर्ग लागेका शब्द भन्न र शब्दनिर्माण गर्नुहोस् । | सातौँ अनुच्छेद पढी प्रश्नहरूको उत्तर दिनुहोस् । | शब्दहरूलाई शुद्ध गर्नुहोस् । |
| ८. | छैठौँ अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् । | प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् । | सातौँ अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् । |
| ९. | नाम कमाउन गर्नु पर्ने प्रयास सम्बन्धमा सामुहिक छलफल गरी मुख्य मुख्य बुँदाहरू टिप्नुहोस् । | सप्रसङ्ग व्याख्या गर्नुहोस् । | सङ्क्षिप्त उत्तर दिनुहोस् । |
| १०. | प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनु होस् । | व्याख्या गर्नुहोस् । | सप्रसङ्ग व्याख्या गर्नुहोस् । |
| ११. | सप्रसङ्ग व्याख्या गर्नुहोस् । | विवेचनात्मक उत्तर दिनुहोस् । | व्याख्या गर्नुहोस् । |
| १२. | विवेचनात्मक उत्तर दिनुहोस् । | | |

**कक्षा १० को रुपक विधामा प्रयुक्त नमुना अभ्यासको छनोट**

रुपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको शिक्षण गर्दा निर्दिष्ट संवाद , एकाङ्की तथा वादविवादलाइ परिस्थिति पात्र तथा भावानुकूल वाचन अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनु पर्छ । यस क्रममा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ स्वरको आरोह, अवरोह, आघात गति, यति आदिको ख्याल गर्नुपर्छ । रुपक विधाको अभ्यास गराउदा प्रश्नोत्तर कुराकानी, भाव पहिचान, संवाद पूर्ति, संवाद लेखन, वाद

विवाद लेखन, स्वतन्त्र लेखन र श्रुति लेखन आदि कार्यकलाप समेत गराउनु पर्छ (मा.ने.पा. २०६४) । कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा रुपक विधाअन्तर्गतका उपविधामा निम्नानुसार नमुना अभ्यासहरूको छनोट गरिएको छ :-

**रुपक**

| क.सं. | मनोवाद (काम खोज्दै जाँदा) | वादविवाद (भाग्यभन्दा परिश्रम ठूलो) | एकाङ्की (घरको माया) |
|---|---|---|---|
| १. | प्रश्नको मौखिक उत्तर दिनुहोस् । | पाठका सबै अनुच्छेद सस्वरवाचन गरी कक्षामा प्रस्तुत गर्नुहोस् । | प्रश्नहरूको एक एक वाक्यमा उत्तर दिनुहोस् । |
| २. | उच्चारण गर्नुहोस् । | उच्चारण गर्नुहोस् । | शब्दहरू उच्चारण गर्नुहोस् । |
| ३. | 'वि' उपसर्ग एवम् 'इक' र 'इत' प्रत्यय लागेका दुई दुई ओटा शब्द टिप्नुहोस् । | अर्थ भन्नुहोस् । | शब्दहरूको अर्थ भन्नुहोस् । |
| ४. | 'ब' र 'व' भएका पाँच शब्द टिप्नुहोस् । | वाक्यमा प्रयोग गर्नुहोस् । | अर्थ खुल्ने गरी संयुक्त वाक्यमा प्रयोग गर्नुहोस् । |
| ५. | अर्थ स्पष्ट हुने गरी संयुक्त वाक्यमा प्रयोग गर्नुहोस् । | शब्दहरूको विपरीतार्थक शब्द लेख्नुहोस् । | समस्त शब्दको विग्रह गर्नुहोस् । |
| ६. | सच्याएर सार्नुहोस् । | पाठबाट सर्वनाम शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् । | अनुच्छेदबाट अनुकरणात्मक शब्दहरू टिपी वाक्यमा प्रयोग गर्नुहोस् । |
| ७. | उखानलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् । | उखानको प्रयोग गरी आफ्नो अध्ययनको विषयमा एक अनुच्छेद लेख्नुहोस् । | शब्दको प्रचलित रुप लेख्नुहोस् । |
| ८. | प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् । | तलका प्रश्नहरूको उत्तर दिनुहोस् । | 'घरको माया' एकाङ्कीको अभिनय गर्नुहोस् । |
| ९. | काम खोज्दै जाँदा मनोवादको सारांश | वादविवाद कार्यक्रम आयोजना गर्नुहोस् । | सङ्क्षिप्त उत्तर लेख्नुहोस् । |

| | | | |
|---|---|---|---|
| | लेख्नुहोस् । | | |
| १०. | व्याख्या गर्नुहोस् । | | |

**कक्षा १० को पत्र (चिठी) विधामा प्रयुक्त नमुना अभ्यासको छनोट**

पत्र रचना लेख्य क्रियाकलाप भएकाले यस अन्तर्गत घरायसी चिठी, कार्यालयीय वा व्यावसायिक चिठी, निवेदन, शुभकामना पत्र, निमन्त्रणा पत्र लेखनको अभ्यास गराउनु अपेक्षित छ । यस क्रममा पाठमा प्रस्तुत चिठी, निवेदन आदिको शिक्षण गर्दा तिनलाई नमुनाका रुपमा उपयोग गरी तिनका ढङ्गढाँचा र विभिन्न अंगको सोदाहरण परिचय समेत दिई सोही अनुरुप अभ्यास गराउनुपर्छ (मा.ने.पा. २०६४) । कक्षा १० को पत्र (चिठी) विधामा प्रयुक्त नमुना अभ्यासहरूको छनोट निम्नानुसार गरिएको छ :-

**पत्र**

**व्यापारिक चिठी**

१. प्रश्नहरूको उत्तर दिनुहोस् ।

२. चिठी लेख्नुहोस् ।

३. वाक्यमा प्रयोग गर्नुहोस् ।

४. संयोजक र नामयोगी शब्द राखेर वाक्य निर्माण गर्नुहोस् ।

५. क्रियायोगी, निपात र विस्मयादिवोधक शब्दलाई छुट्याई तालिका बनाउनुहोस् ।

सिर्जनात्मक

क) विवाहको निमन्त्रणा बनाई शिक्षकलाई देखाउनुहोस् ।

ख) शुभ कामना पत्रको नमुना तयार पार्नुहोस् ।

शिक्षक विद्यार्थीको शैक्षिक कार्यक्रमलाई निरन्तर रुपले अगाडि बढाउने क्रम अभ्यासले गरेको हुन्छ । शिक्षण कार्यको व्यवस्थित तयारी तथा मूल्याङ्कनको सजिलो उपायको रुपमा अभ्यासको भूमिका रहन्छ । भाषामा संचालित पाठ्यविषयका शिक्षण अन्य विषयको भन्दा महत्त्वपूर्ण हुन्छ । भाषालाई केवल निर्देशन दिएर मात्र पुग्दैन । विषयवस्तुको अभ्यासबाट भाषिक कुशलता सिकाउने लक्ष्य किटान गरिएको हुनुपर्छ । वास्तवमा पाठ्यपुस्तकमा राखिएका विधा एवम् उपविधाका भन्दा यसका आधारमा गराइने भाषिक अभ्यास महत्त्वपूर्ण हुन्छन् (अधिकारी, २०५० : १७४ ) । त्यसैले भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास महत्त्वपूर्ण स्तम्भको रुपमा रहेको हुन्छ ।

नेपाली भाषा पाठ्यक्रमले निर्धारित गरेको भाषिक सिपहरू हासिल गर्नका लागि निम्न विधाको क्षेत्र र क्रम तालिका निर्धारण गरेको छ ।

| क्र.सं. | विधा | उपविधा | पाठशीर्षक |
|---|---|---|---|
| १. | कथा | क) पौराणिक कथा-१<br>ख) सामाजिक कथा-१<br>ग) मनोवैज्ञानिक कथा-१ | न्यायको पक्ष<br>कर्तव्य<br>दोषी चस्मा |
| २. | कविता | क) नीतिप्रधान/संस्कृति-१<br>ख) प्रकृतिप्रधान/समाजप्रधान-२ | प्रश्नोत्तर<br>बैशाख, सहिदहरूको सम्झना |
| ३. | जीवनी | क) साहित्यिक/कला सम्बन्धी-१<br>ख) राजनीतिक/प्रेरक व्यत्तित्व<br>ग) विचारक | जयपृथ्वीबहादुर सिंह<br>नेल्सन मण्डेला<br>इमानसिंह चेमजोङ् |
| ४. | निबन्ध | वस्तुपरक र आत्मपरक<br>क) प्राविधिक/व्यवसायिक<br>ख) साँस्कृतिक-१<br>ग) सामाजिक-१ | <br>यन्त्रमानव<br>मिथिल्ला चित्रकला<br>जय भोली |
| ५. | रुपक | क) मनोवाद-१<br>ख) वादविवाद-१<br>ग) एकाङ्की-१ | काम खोज्दै जाँदा<br>भाग्यभन्दा परिश्रम ठूलो<br>घरको माया |
| ६. | चिठी | व्यापारिक-१<br>निमन्त्रणा/शुभकामना | व्यापारिक चिठी |

स्रोत : (मा.शि. नेपाली पाठ्यक्रम, २०६४)

भाषाशिक्षणमा विषयवस्तुको शिक्षण नभई विषयवस्तुका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपहरूको शिक्षण गर्नुपर्छ । पाठ्यक्रमले विधाको क्षेत्रमा निर्देशन गरेका विभिन्न क्षेत्र तथा स्रोतका विधाहरूलाई श्रुतिबोध, शब्दोच्चारण, पठनबोध, मौखिक अभिव्यक्ति, शब्दभण्डार, वर्णविन्यास आदिको अभ्यासका लागि उपयोग गर्नुपर्दछ । यसका अतिरिक्त ती विधामा आधारित पाठहरूलाई तिनको प्रस्तुति ढङ्गढाँचा र प्रकृतिअनुसार

व्याकरणको अभ्यास गराउन समेत उपयोग गर्नु आवश्यक छ (मा.शि. नेपाली पाठ्यक्रम, २०६४) ।

नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभयासहरू पाठ्यक्रमको मर्म अनुरुप नै सुनाइ , बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपहरूको विकासमा केन्द्रित रहेका छन् । विभिन्न विधाको माध्यमबाट शिक्षार्थीमा भाषिक दक्षता अभिवृद्धि गराउन नमुना अभ्यासले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई सफलताको शिखरमा पुर्‍याउन नमुना अभ्यासको प्रभावकारी भूमिका हुन्छ । नमुना अभ्यासले सवै भाषिक सिपलाई समेट्न सकेन भने भाषा पाठ्यक्रमको लक्ष्य हासिल हुन सक्दैन भन्ने मूलमन्त्रलाई मध्यनजर राखी पाठ्पुस्तकमा सोही अनुसार अभ्यास समावेश गरिएको छ । कक्षा १० का लागि पाठ्यपुस्तकमा सुनाइ, बोलाइ सिप विकासका लागि नमुना अभ्यासमा मौखिक उत्तर दिने, शुद्धसँग उच्चारण गर्ने जस्ता अभ्यास रहेका छन् ।

पढाइ सिप अन्तर्गत सस्वरवाचन गर्न, शब्दको अर्थ बताउने अभ्यासहरू रहेका छन् । लेखाइ सिप अन्तर्गत सारांश लेख्ने, व्याख्या गर्ने, सप्रसङ्ग व्याख्या गर्ने, शुद्ध गरी लेख्ने, विवेचनात्मक उत्तर लेख्ने जस्ता अभ्यास रहेका छन् । बोलाइ र लेखाइ सिपको एकीकृत विकास गर्न वाक्यमा प्रयोग गर्ने पाठसँग सम्बन्धित प्रश्नको छोटकरीमा उत्तर दिने अभ्यास रहेका छन् । पढाइ र लेखाइ सिपको एकीकृत विकास गर्नका लागि अनुच्छेद पढेर उत्तर लेख्ने जस्ता नमुना अभ्यासहरूलाई समेटिएको छ ।

नेपाली भाषाको मूल्याङ्कन गर्ने क्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपको मापन गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनलाई आधार मानिन्छ । कक्षा शिक्षण अन्तर्गतको निरन्तर मूल्याङ्कन निर्माणात्मक हुन्छ भने कक्षोन्नतिका लागि लिइने अन्तिम परीक्षा निर्णयात्मक हुन्छ । निर्णयात्मक मूलयाङ्कन अन्तर्गत विद्यार्थीको कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, हिज्जेप्रतियोगिता, प्रश्नोत्तर कक्षाकार्य परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेख जस्ता कुराहरू पर्दछन् । भाषाका सुनाइ, बोलाइ, उच्चारण , वाचन जस्ता सिपहरूको मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन अन्तर्गत पर्दछ । भाषिक सिप मूल्याङ्कनका लागि निम्न अनुसार प्रश्नहरू निर्माण गरेर पढाइ तथा लेखाइ सिपको परीक्षण गर्नुपर्दछ :-

| **क्षेत्र** | **विधा** | **अङ्कभार (प्रतिशतमा)** |
|---|---|---|
| १. शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |

| | | |
|---|---|---|
| २. वर्णविन्यास | शुद्धीकरण | ५ |
| ३. व्याकरण | शब्दवर्ग, कारक, विभक्ति, शब्द निर्माण, काल, पक्ष, भाव, वाच्य परिवर्तन, वाक्य संश्लेषण | १८ |
| ४. बोध | अदृष्टांश रचनाबाट | ५ |
| ५.बुँदा टिपोट/सारांश | कथा, निबन्ध, जीवनी आदिबाट दृष्टांश | ५ |
| ६. निर्देशित रचना | कथा वा जीवनी लेखन | ५ |
| ७. स्वतन्त्र रचना | क) निबन्ध<br>ख) चिठी, मनोवाद, संवाद, वादविवाद | १०<br>१० |
| ८. व्याख्या/सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध, जीवनी | ५ |
| ९. सङ्क्षिप्त उत्तर | कथा, कविता, निबन्ध, जीवनी, एकाङ्की, कथा, कविता | १५ |
| १०. विवेचना | कथा, कविता, निबन्ध, जीवनी | १० |

श्रोत : मा.वि. नेपाली पाठ्यक्रम २०६४

नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूको उचित संयोजन भए पनि कक्षोन्नतिका लागि लिइने मूल्याङ्कन पढाइ र लेखाइ सिपसँग मात्र सम्बन्धित हुनु उचित ठानिदैन । निर्णयात्मक मूल्याङ्कनले विद्यार्थीको पढाइ र लेखाइ सिपको शतप्रतिशत मूल्याङ्कन गर्ने भएकाले सुनाइ र बोलाइ सिपको उपेक्षा गरिएको छ ।

**छलफल र व्याख्या**

पाठ्यक्रमको सबैभन्दा महत्त्वपूर्ण अङ्ग उद्देश्य हो । उद्देश्यकै आधारमा विषयवस्तुको छनोट, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियालाई आगाडि बढाइन्छ । भाषा अभ्यास तथा पुनरावृतिबाट सिकिन्छ । नमुना अभ्यासमा विद्यार्थीका लागि अभ्यास गर्ने प्रशस्त अवसर दिइएको हुनुपर्छ ।

सिपगत आधारमा पाठ्यक्रमका उद्देश्यको वर्गीकरण पाठ्यक्रममा नै स्पष्टरुपमा गरिएको छ । भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गर्ने उद्देश्यले के कस्ता नमुना अभ्यासहरू पाठ्यपुस्तकमा समावेश गरिएको छ भनी अध्ययन, वर्गीकरण र

विश्लेषण गरिएको छ । तहगत आधारमा मुख्य रुपमा चार तहमा विभाजन गरी वर्गीकरण र विश्लेषण गरिएको छ । ती मध्ये :

१. ज्ञानतहमा विषयवस्तुको ज्ञानलाई जोड दिने खालका अभ्यासहरू राखिएको छ । यस्ता अभ्यासमा भाषिक सिप विकास कार्यकलापभन्दा विषयवस्तुगत संज्ञानात्मक क्षेत्रसँग सम्बन्धित अभ्यासमा जोड दिइएको छ ।

२. बोध तहमा कुनै विषय पढेर सुनेर अर्थात् ग्रहण गरेका आधारमा बुझ्ने र अरुलाई बुझाउने क्षमता वा सिप सम्बद्ध अभ्यासलाई समावेश गरिएको छ । यस खालका अभ्यासमा विद्यार्थीको बोध क्षमताको विकास गर्ने क्रियाकलापहरू अगाडि सारिएको हुन्छ । बोध अभ्यासहरू कथा प्रबन्ध, निबन्ध विधामा बढी उपयोगी मानिन्छन् । तर अन्य विधामा पनि यस तहका अभ्यासहरूको उपयोग गर्ने अवसर प्रशस्तै पाइन्छ ।

३. व्यावहारिक सिप सम्बद्ध अभ्यासहरूमा विद्यार्थीले सिकेका कुरालाई व्यावहारमा देखाउने खालका क्रियाकलापहरू समेटिएका हुन्छन् । यी अभ्यास अभिव्यक्तिपरक देखिन्छन् । भाषातत्वका रुपमा व्याकरणका अभ्यास व्यावहारिक सिपसम्बद्ध देखिन्छन् ।

४. उच्च दक्षताको तहमा विद्यार्थीले संज्ञानात्मक एवम् बोध दुवै प्रकारका दक्षतालाई अभिव्यक्त गर्ने क्रियाकलापसँग सम्बन्धित अभ्यासहरूलाई समेटिएको छ । यस्ता क्रियाकलापमा कुनै कुरा खण्डन मण्डन, विवेचना गर्ने, स्पष्टीकरण दिने, विश्लेषण गर्ने, सारांश लेख्ने, व्याख्या गर्ने आदि अभ्यासलाई समेटिएको छ ।

यसरी वर्गीकरण गर्ने प्रमुख आधार अभ्यासका लागि दिइएको निर्देशनलाई मानिएको छ । त्यसको आधारमा विधा र पाठभित्रका अभ्यासको अध्ययन वर्गीकरण र विश्लेषण गरिएको छ । नमुना अभ्यासको पाठअनुरुपता, पाठको विविधता अनुरुपता र विधागत अनुरुपतालाई उद्देश्य अनुरुपतामा ढालेर विश्लेषण गरिएको छ । प्रत्येक विधाभित्रका पाठमा समाविष्ट अभ्यासको गणना गरी प्रतिशताङ्क समेत प्रस्तुत गरिएको छ ।

**सिपगत आधारमा उद्देश्यहरूको वर्गीकरण**

**सिपगत**

| | **सु.बो.** | **प.** | **ले.** |
|---|---|---|---|
| उद्देश्य सङ्ख्या | ८ | ९ | १० |
| प्रतिशत | ३३.३ | २५ | ४१.६ |

स्रोत : मा. शि. नेपाली पाठ्यक्रम, २०६४

माथिको तालिका अनुसार सुनाइ र बोलाइ सिपका लागि ३३.३ प्रतिशत, पढाइका लागि २५ प्रतिशत, लेखाइका लागि ४१.६ प्रतिशत उद्देश्यहरू निर्धारण गरेको देखिन्छ । यसबाट मा. वि. तहमा सुनाइ र बोलाइलाई महत्त्व दिँदै पढाइ र लेखाइ सिपको विकासमा विद्यार्थीलाई अभ्यस्त गर्नुपर्ने र यसका साथै भाषा शिक्षणको नियमलाई अनुशरण गर्न खोजेको देखिन्छ ।

सुनाइ र बोलाइ सिपअन्तर्गत हाउभाउ, आघात, लय, चेष्टा आदिको ख्याल गरी सन्दर्भ अनुसार अभिव्यक्ति सुनेर मौखिक रूपमा व्यक्त गर्ने, शब्दहरू शुद्ध उच्चारण गर्ने, आफूले देखेसुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई व्यक्त गर्न, मौखिक अभिव्यक्ति सुनेर तार्किक रुपमा आफ्नो विचार व्यक्त गर्न, शिष्ट र उपयुक्त भाषाशैलीमा अभिव्यक्ति दिने, सन्दर्भअनुसार उखान टुक्काको प्रयोग गरी बोल्ने आदि उद्देश्यहरू रहेका हुन्छन् । त्यसैगरी पढाइ सिप अन्तर्गत लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्ट सस्वरवाचन गर्ने, मौनवाचन गर्ने विभिन्न प्रयोजनका लागि कथा, निबन्ध, जीवनी आदि पढ्ने जस्ता सिपहरूको विकास गर्ने उद्देश्य राखिएको हुन्छ । लेखाइ सिप अन्तर्गत हिज्जे, वाक्य गठन मिलाएर शुद्धसँग लेख्ने, सुनेका र पढेका विषयवस्तुको व्याख्या, सप्रसङ्ग व्याख्या, विवेचना, सारांश लेख्ने, व्याकरणका आधारभूत नियमहरू पालना गरी उपयुक्त वाक्यगठन निर्माण गर्ने जस्ता सिप विकास गर्ने उद्देश्य राखिएको छ ।

यसरी भाषापाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि हाँसिल गर्न भाषापाठ्यपुस्तकको आवश्यकता पर्दछ । भाषापाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गरिन्छन् र सोही बमोजिम पाठहरू राखिन्छन् । ती पाठसँग सम्बद्ध नमुना अभ्यासहरू दिइएका हुन्छन् । विद्यार्थीलाई अपेक्षित उद्देश्य पूर्ति गर्न तिनै अभ्यासका आधारमा क्रियाशील गराउनु पर्दछ । अभ्यासले नै विद्यार्थीको उपलब्धि स्तर निर्भर गर्दछ ।

**नमुना अभ्यास र त्यसमा समावेश गरिने प्रश्नका किसिम**

सामान्यतया प्रश्नहरू मूल्याङ्कनात्मक र अभ्यासात्मक दुई प्रकारका हुन्छन् । यसको उद्देश्य निर्धारित मापदण्डका आधारमा कुनै विद्यार्थी माथिल्लो तहमा उकास्ने वा नउकास्ने भन्ने हुन्छ तर अभ्यासात्मक प्रश्नहरूको प्रयोजन त्यसको ठीक विपरीत भाषाका विविध पक्षको प्रयोग पुनः प्रयोग जस्ता प्रयासद्वारा सिकेका कुरालाई सरलीकरण गर्नु हो । यो कक्षामा निरन्तर रुपमा चलिरहने प्रक्रिया हो । यसले शिक्षक तथा विद्यार्थी दुवै पक्षलाई क्रियाशील बनाइरहन्छ । प्रस्तुत अध्ययनमा अभ्यासात्मक प्रश्नको मात्र चर्चा गरिएको छ । नेपाली भाषापाठ्यपुस्तकमा अभ्यासका लागि दिइने प्रश्नहरू निम्नलिखित पाइन्छन् :

### विषयवस्तुमा आधारित प्रश्न

भाषिक सिप विकास गराउनु भाषा शिक्षण गर्नुको मुख्य उद्देश्य रहेको हुन्छ । भाषापाठयपुस्तकमा विभिन्न विधागत विविधताका आधारमा भाषिक सिपहरूलाई परस्परमा अन्तर्सम्बन्धित बनाइएको हुन्छ । भाषिक सिप मूल्याङ्कन गर्न सकिने भएकाले त्यसैमा आधारित प्रश्नहरू पनि नमुना अभ्यासमा रहेका देखिन्छन् । बोध, तर्कपूर्ण अभिव्यक्ति, व्याख्या, समीक्षासार, भाषार्थ, रचना जस्ता कुराको अभ्यास विषयवस्तुकै आधारमा गराउनुपर्छ (पौड्याल, २०५४ : ६१) । कथा विधाबाट विद्यार्थीले बोध क्षमताको विकास, वाक्यगठन, द्रुतपठन, निपात, उखान टुक्काको प्रयोग आदि भाषिक कुशलता प्राप्त गरेको हुनुपर्दछ । यसका लागि नमुना अभ्यासहरू अनिवार्य हुन आउँछ (लामिछाने, २०५७ : ६९) ।

विषयवस्तुमा आधारित प्रश्नहरू विभिन्न प्रकारका छन् । बोध क्षमताको विकास गर्ने भए वस्तुगत र विषयगत दुवै किसिमका, अभिव्यक्ति क्षमताका लागि निबन्धात्मक प्रश्नहरू, विषयगत प्रश्नबाट भाषाको शुद्धाशुद्धि गर्दा भाषाका अतिरिक्त र बाहयपक्ष समेटिने हिज्जे शक्ति प्रयोग वैचारिक स्पष्टता आदिको ख्याल गर्नुपर्ने हुन्छ । त्यसैले यस किसिमका प्रश्नहरू भाषिक मूल्याङ्कनका दृष्टिले उपयुक्त मानिन्छन् ।

### भाषिक सिपमा आधारित प्रश्न

भाषाका मौखिक तथा लिखित अभिव्यक्तिसँग सम्बन्धित विभिन्न सिपको प्रतिनिधित्व गर्ने प्रश्न नै भाषिक सिपसँग सम्बन्धित प्रश्न हुन् । यस्ता प्रश्नहरूमा वस्तुतालिका आधारमा विषयवस्तु हुने भए पनि शिक्षणीय लक्ष्य भाषिक सिप नै हुन्छ । नमुना अभ्यासका हरेक भाषिक सिपलाई सन्तुलित रुपमा समावेश गर्नुपर्दछ । नमुना अभ्यासको निर्माण गर्दा तल्ला कक्षाका मौखिक सिपमा खासगरी सुनाइ र बोलाइ , माथिल्ला कक्षामा लेखाइ सिपलाई समेत विशेष जोड दिनुपर्छ ।

### विधागत आधारमा नमुना अभ्यासको अध्ययन

### कथा विधाअन्तर्गतका पाठ र समबद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

कथा साहित्यको रोचक विधा हो । यसबाट विद्यार्थीमा भाषिक सिपहरूको विकास गर्न निकै सघाउ पुग्दछ । कथा शिक्षणको प्रयोजन साहित्यिक आस्वादन गराउनु, भाषिक परिष्कारका साथै मनोरञ्जन दिनु, विषयबोध र रुचि सम्बद्र्धन गर्नुका साथै नैतिक उपदेश, अनुशासन, चरित्र निर्माण र सिर्जनशील क्षमताको विकास गराउनु हो (शर्मा र पौडेल, २०६०: १९८) । त्यसैले कथा विधामा कथन शैली, पठनसिप बोध तथा चरित्र चित्रण जस्ता उच्च दक्षताको क्रियाकलाप गराउने

अभ्यासहरू समावेश गरिनुपर्दछ । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट गरिएका नमुना अभ्यासलाई यहाँ निम्न अनुसार वर्गीकरण गरिएको छ :-

**क) सिपगत आधारमा कथा विधाको अभ्यासको वर्गीकरण :**

| क.सं. | पाठ/सिप | सु.वो. | प. | ले. | बो.ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | कर्तव्य | २ | १ | २ | १ | ५ | ११ |
| २. | दोषी चश्मा | २ | ३ | ३ | | ५ | १३ |
| ३. | न्यायको पक्ष | २ | १ | ५ | १ | ३ | १२ |
| | जम्मा | ६ | ५ | १० | २ | १३ | ३६ |
| | प्रतिशत | १६.६ | १३.८ | २७.७ | ५.५ | ३६.१ | |

स्रोत : मा. शि. नेपाली पाठ्यपुस्तक २०६४

प्रस्तुत तालिकाका आधारमा हेर्दा कथा विधामा जम्मा ३ वटा अभ्यास मध्ये ६ (१६.६०) प्रतिशत सुनाइ र बोलाइ, ५ (१३.८) प्रतिशत पढाइ, १० (२७.७) प्रतिशत लेखाइ, २ (५०.५) प्रतिशत पढाइ र लेखाइ तथा १३ (३६.१) प्रतिशत पढाइ र लेखाइ सिप सम्बद्ध देखिन्छन् । तालिकाका सिपहरूको वर्गीकरणले एकीकृत र अन्तर्सम्बन्धात्मक स्थितिलाई देखाउँछ । कथा रोचक प्रभावकारी विधा भएकोले यसमा सबै सिपसम्बद्ध अभ्यासहरू राखिनु आवशयक ठहर्छ ।

**अ) सुनाइ र बोलाइ सिप अन्तर्गतका अभ्यास**

यस अन्तर्गतका अभ्यासहरू मौखिक उत्तर दिने, शुद्ध उच्चारण गर्ने आदि पर्दछन् । यसैगरी घटनाक्रम मिलाउने छलफल गर्ने, शब्दको अर्थ भन्ने, अभ्यासहरू यस अन्तर्गत पर्दछन् , जस्तै :

१. तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् : (पृष्ठ १०६)

अ) विदुरलाई कसले बोलाए ?

आ) दुर्योधनले भीमसेनलाई के गरे ?

२. तलका शब्दहरूको उच्चारण गर्नुहोस् : (पृष्ठ १०६)

हस्याङफस्याङ, निन्याउरो, राजगद्दी, आश्रय

३. शब्दको अर्थ भन्नुहोस् । (पृष्ठ ६०)

उत्साह, क्षमायाचना, क्रोध, घुइँचो ।

आ)  **पढाइ सिपअन्तर्गतका अभ्यास**

यस अन्तर्गत सस्वरवाचन गर्ने, शब्दको अर्थ बताउने, ठीक उत्तरमा चिनो लगाउने आदि अभ्यासहरू रहेका हुन्छन्, जस्तै :

पाठको छैठौं अनुच्छेदबाट 'इक' र 'इत' प्रत्यय लागि बनेका शब्द टिपी तिनको प्रकृति र प्रत्यय छुट्याउनुहोस् (पृष्ठ १६) ।

दोषी चश्मा कथाको दोस्रो र तेस्रो अनुच्छेद सस्वरवाचन गर्नुहोस् (पृष्ठ ५९) ।

इ)  **लेखाइ सिप अन्तर्गतका अभ्यासहरू**

यस अन्तर्गत सच्याएर पुनर्लेखन गर्ने, सप्रसङ्ग व्याख्या गर्ने, विवेचनात्मक उत्तर लेख्ने , सार लेख्ने, बुँदा टिपोट गर्ने, सारांश लेख्ने, भाव स्पष्ट पार्ने चरित्र चित्रण गर्ने आदि जस्ता अभ्यास रहेका छन् , जस्तै :

१.  सप्रसङ्ग व्याख्या गर्नुहोस् :

क) कुकुर अज्ञानी पशु हुनाले बोलाए पछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखत मौका विचार गरेर आफै पनि जानुपर्छ (पृष्ठ १६) ।

ख) एउटा भूललाई अर्को भूलले सच्याउन सक्दैन (पृष्ठ ६०) ।

११.  विवेचनात्मक उत्तर दिनुहोस् :

क) 'कर्तव्य' कथामा कथाकारले नेपाली समाजका के कस्ता वास्तविकतालाई देखाउन खोजेका छन् ?

यसरी भाषिक सिप विकासका आधारमा कथा विधाको अभ्यासको अध्ययन गर्दा यसबाट पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विविध लक्ष्य पूरा हुन सक्ने हुँदा अभ्यासको संयोजन उपयुक्त देखिन्छ । माथिल्लो कक्षामा पढाइ तथा लेखाइ सिपलाई महत्त्व दिनुपर्ने पाठ्यक्रमको मर्मलाई अभ्यासले सार्थक बनाउने प्रयास गरेको देखिन्छ ।

ख)  **तहगत आधारमा कथा विधाका अभ्यासको वर्गीकरण**

| क्र.स. | पाठ/सिप | ज्ञान | बोध | व्य.सी. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | कर्तव्य | २ | ३ | ४ | २ | ११ |
| २. | दोषी चश्मा | ३ | २ | ४ | ४ | १३ |
| ३. | न्यायको पक्ष | २ | २ | ४ | ४ | १२ |
| | जम्मा | ७ | ७ | १२ | १० | ३६ |
| | प्रतिशत | १९.४ | १९.४ | ३३.३ | २७.७ | |

स्रोत : मा.शि. नेपाली पाठ्यपुस्तक, २०६४

प्रस्तुत तालिकामा कथा विधामा समाविष्ट अभ्यासलाई तहगत रुपमा वर्गीकरण गरिएको छ । यसमा ज्ञानतहका ७ (१९.७ प्रतिशत), बोधतहका ७ (१९.४प्रतिशत), व्यावहारिक तहमा १२ (३३.३ प्रतिशत) र उच्च दक्षताको १० (२७.७ प्रतिशत) अभ्यासहरू देखिन्छन् । ज्ञानात्मक तहमा शब्दको अर्थ बताउने, पाठबाट अनुकरणात्मक, अनेकार्थी शब्दहरू खोज्ने आदि अभ्यासहरू रहेका छन् । बोधतहमा मौखिक उत्तर दिने आदि जस्ता अभ्यासहरू रहेका छन् । व्यावहारिक सिप सम्बद्ध अभ्यासमा शुद्ध लेख्ने, सस्वर वाचन गर्ने, वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यासहरू रहेका छन् । उच्च दक्षता अन्तर्गत उत्तर लेख्ने आदि अभ्यासहरू समाविष्ट देखिन्छन् ।

कथा विधामा जम्मा शब्दार्थ १३८ (२७.२१ प्रतिशत) लाई स्थान दिइएको पाइन्छ । यसबाट कथा पाठमा शब्दभण्डारका लागि पनि विचार पुर्‍याउन खोजेको देखिन्छ । कथा विधाको माध्यमबाट पनि विद्यार्थीमा शब्दभण्डारको विकास गराउन सकिन्छ भन्ने कुरालाई प्रस्तुत पाठका अभ्यासले आत्मसात गरेको देखिन्छ ।

### ग) कथा विधामा प्रयुक्त पाठगत नमुना अभ्यासमा प्रयुक्त प्रश्नहरूको विश्लेषण

कक्षा १० को नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासमा ३ किसिमका प्रश्नहरू समावेश गरेर विद्यार्थीहरूलाई पाठप्रति जागरुकता गराउने प्रयास गरिएको छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य पूर्ति गर्ने गराउने अभिप्रायले नै प्रश्नहरूको निर्माण गर्ने जमर्को गरिएता पनि केही कमजोरी भने नभएका होइनन् । हरेक कथाका अभ्यासहरूले भाषिक सिपको विकास गराउने उद्देश्य राखेको पाइन्छ ।

प्रत्येक कथाका अन्त्यमा अर्थात नमुना अभ्यासको सुरुमा मौखिक उत्तर भन्ने र छोटो उत्तर लेख्ने प्रश्नहरू समावेश गरिएको छ । यस्ता प्रश्नहरू कथामा ३६ वटा रहेका छन् । सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू धेरैजसो स्तरअनुरुप नै देखिन्छन् । यस्ता प्रश्नहरू सरल र सजिलै बुझ्ने प्रकृतिका छन् । जस्तैः कसैले ऋण तिर्ने भाका सोध्यो भने गङ्गाधर के जवाफ दिन्थे ? मुरलीधर र श्रीधरका बीचमा कुन विषयमा विवाद उठ्यो ? केशवराज प्रत्येक दिन बिहान कहाँ जान्थे ? केशवराजलाई पछि कुन कुरामा पछुतो भयो ? यस्ता प्रश्नहरू अत्यन्त सरल र विद्यार्थीले सजिलै उत्तर भन्न र लेख्न सक्ने खालका छन् ।

सङ्क्षिप्त उत्तरात्मक प्रश्नमै केही प्रश्नहरू भावनात्मक र उच्च प्रकृतिकका देखिन्छन् जुन कक्षा १० का विद्यार्थीका लागि जटिल प्रकृतिका मान्न सकिन्छ । मुरलीधरले आफ्नो कर्तव्य कसरी निर्वाह गरे ? मुरलीधर र श्रीधरका बीच कुन विषयमा विवाद भयो र विवादको टुङ्गो कसरी लाग्यो ? यस्ता प्रश्नको उत्तर निकै लामो र सिलसिला मिलाउन कठिन रहेको देखिन्छ ।

यसरी हेर्दा सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू धेरै हदसम्म पाठ्यक्रमका उद्देश्य हासिल गर्ने किसिमका छन् भने केही कमजोरी पनि नभएका होइनन् । यस किसिमका प्रश्नहरू २/३ हरफमा उत्तर दिने प्रवृतिका हुनु सान्दर्भिक हुन्छ ।

निबन्धात्मक प्रश्नको सन्दर्भमा विद्यार्थीको स्तर ख्याल गरी पाठ्यक्रमका उद्देश्य अनुरुपताका आधारमा प्रश्नहरू तय गरेको देखिन्छ । कक्षा १० का विद्यार्थीको स्तर सुहाउने गरी प्रत्येक कथाको अन्त्यमा निबन्धात्मक प्रश्नहरूमा अभ्यास गराइएको छ । निबन्धात्मक प्रश्नहरूमा विद्यार्थीले सहज रुपमा आफ्नो विचार पोख्ने खालका देखिन्छन् ।

सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकास गर्ने अभिप्रायले अन्य प्रकारका अभ्यासहरू पनि कथामा समाविष्ट गरेको देखिन्छ । भाषाका चारै सीप विकास गर्नका निमित्त सबै कथाहरूमा शुद्धसँग लेख्नुहोस, उच्चारण गर्नुहोस, अर्थ लेख्नुहोस्, टुक्काहरूको अर्थ स्पष्ट हुने गरी वाक्यको प्रयोग गर्नुहोस् जस्ता अभ्यासहरूले पाठ्यक्रममा निर्दिष्ट उद्देश्यहरू पूर्ति गर्ने र शब्द भण्डार तथा भाषिक सिप विकास गर्न समेत सहयोग पुर्‍याउँछ ।

यसरी समग्रमा नमुना अभ्यासमा राखिएका प्रश्नहरू पाठ्यक्रम अनुरुप नै भएको देखिन्छ । पाठ्यक्रमको विस्तृतीकरण तालिकाको मूल्याङ्कन खण्डमा दिइएका अभ्यासहरूले पनि पाठ्यक्रमको उद्देश्यलाई पछ्याएको देखिन्छ । कथाका अन्त्यमा दिइएका नमुना अभ्यासहरू विद्यार्थीको स्तरअनुरुप सिर्जनात्मक रहेका छन् ।

**कविता विधा अन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको विश्लेषण**

कविता साहित्यको लयधर्मी विधा हो । कविता लयबद्ध वाचन र श्रवण गरेर मनमा साहित्यिक आनन्द लिन सकिन्छ । भाषापाठ्यपुस्तकमा कविता विधालाई पनि महत्त्वका साथ स्थान दिइएको हुन्छ । कविता शिक्षणका उद्देश्यलाई (शर्मा र पौडेल, २०६० : १०४) ले निम्नानुसार प्रस्तुत गरेका छन् :-

क) बालबालिकामा लय, भाव, र तालका साथै सस्वरवाचन गर्ने योग्यता विकास गर्नु,

ख) कविताप्रति रुचि संवर्द्धन गर्नु,

ग) सृजनात्मक लेखनका लागि उत्प्रेरित गर्नु,

घ) कल्पना शक्तिको विकास गर्नु,

ङ) उद्धत भावनाको विकास गर्नु,

च) व्यक्तित्व विकास र चरित्रको निर्माण गर्नु,

छ)	विद्यार्थीको बौद्धिक विकास गर्नु,

ज)	उच्चारण, शब्दभण्डार, तथा वाक्य रचना जस्ता भाषिक विशेषतासँग परिचित गराउनु ।

झ)	रस, छन्द, अलङ्कार, आदिको आनन्द लिने सामर्थ्य बढाउनु,

ञ)	विश्लेषणातमक क्षमताको विकास गर्नु ।

कविता शिक्षणका उल्लिखित उद्देश्यहरूको पूर्ति गर्नका लागि यसमा अभ्यासको समावेश गर्दा लयबद्ध वाचन गर्ने, भाव विस्तार गर्ने, सप्रसङ्ग व्याख्या गर्ने, सिर्जनात्मक अभ्यास आदि समाबेश गर्नुपर्ने देखिन्छ । साहित्यिक रसस्वादनका लागि कविता महत्त्वपूर्ण विधा भएकाले यस स्तरका बालबालिकालाई कविता सिर्जना गर्ने तर्फ प्रेरित गर्नुपर्छ । यसबाट कल्पनात्मक र भावात्मक क्षमताको विकासमा सहयोग पुग्दछ । कविता सिर्जनाको लागि शब्दभण्डारको भूमिका उल्लेखनीय हुने भएकोले शब्दार्थ तथा शब्दभण्डारमा विशेष क्रियाशील गराउनु पर्दछ । कविता शिक्षणलाई सरल र प्रभावकारी बनाउन विभिन्न कार्यकलाप गराउन सकिन्छ । सस्वरवाचन अन्ताक्षरी प्रतियोगिता, कविता लेखन प्रतियोगिता, कवि सम्मेलन आदिमा विद्यार्थीहरूलाई क्रियाशील बनाउनु प्रभावकारी हुन्छ ।

कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधाका नमुना अभ्यासलाई सिपागत र तहगत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**क)	सिपगत आधारमा कविता विधाका नमुना अभ्यासको वर्गीकरण :**

| क.सं. | पाठ/सिप | सु.वो. | प. | ले. | बो.ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | प्रश्नोत्तर | २ | ३ | २ | २ | १ | १० |
| २. | बैशाख | २ | २ | ३ | १ | ३ | ११ |
| ३. | साहिदको सम्झना | २ | ४ | ४ | १ | २ | १३ |
|  | जम्मा | १७.८२ | २६.४७ | २६.४७ | ११.७६ | १७.८२ |  |

स्रोत : मा. शि. नेपाली पाठ्यपुस्तक, २०६४

कविता विधामा पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण गरी देखाइएको छ । तालिका अनुसार सुनाइ र बोलाइ सिपका लागि ६ (१७.८२), पढाइका लागि ९ (२६.४७), लेखाइका लागि ९ (२६.४७), बोलाई र लेखाइका लागि ४ (११.७६) र पढाइ र लेखाइका लागि ६ (१७.८२) अभ्यास रहेको देखिन्छन् ।

यसमा पनि कथा विधाका पाठमा जस्तै सुनाइ र बोलाइ सिपसम्बद्ध अभ्यासहरू जस्तै शुद्ध उच्चारण गर्ने , एक वाक्यमा मौखिक उत्तर दिने आदि जस्ता अभ्यास पर्दछन् ।

जस्तै : १. तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् : (पृष्ठ ३)

क) मानिसका शत्रु को हुन् ?

ख) आमाले जस्तै मानिसलाई सुख दिने चिज के हो ?

२. तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् : (पृष्ठ ३)

इन्द्रिय, तृष्णा, विशाल, उद्यम, हित, लोकपवाद, दूर, घटिया ।

पढाइ सिपअन्तर्गत लयवद्ध वाचन गर्ने, शब्दको अर्थ लेख्ने, पर्याय लेख्ने, विपरीतार्थक शब्द लेख्ने आदि अभ्यास पर्दछन् ।

४. तलका शब्दको अर्थ भन्नुहोस् ।

मिर्मिरे, सपूत, भेटी, फाँसी, सहिद । (पृष्ठ ९८)

लेखाइ सिपा अन्तर्गत सप्रसङ्ग व्याख्या गर्ने, व्याख्या गर्ने, विवेचनात्मक उत्तर लेख्ने जस्ता अभ्यास पर्दछन्, जस्तै :

सप्रसङ्ग व्याख्या गर्नुहोस् । (पृष्ट ५)

मातासरी सुख दिव्य कुन चिज छ जान्नु ?

विद्यै छ यस्तो अरु कौन खोज्नु ।

विवेचनात्मक उत्तर दिनुहोस ।

'सहिदहरूको सम्झनामा' कवितामा कविले सहिदहरू को बलिदान र मुलुकप्रति हाम्रो कर्तव्यलाई कुन रुपमा प्रस्तुत गरेका छन् ?

बोलाइ र लेखाइ सिपाको एकीकृत विकासका लागि वाक्यमा प्रयोग गर्ने तथा सामूहिक छलफल गरी निष्कर्ष लेख्ने आदि रहेका छन् , जस्तै :

तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् : (पृष्ठ ४९)

डाँडाकाँडा, गोठाला, कोइली, शिखर ।

११. नेपालको प्राकृतिक सौन्दर्यका बारेमा कक्षामा छलफल गरी प्रकृतिको संरक्षण र सदुपयोग भन्ने विषयमा १०० शब्दमा नघटाई आफ्नो विचार लेखेर शिक्षकलाई देखाउनुहोस् ।

पढाइ तथा लेखाइ सिपअन्तर्गत प्रशनहरूको सङ्क्षिप्त उत्तर लेख्ने, कवितामा प्रयोग भएका शब्दहरूलाई प्रचलित वर्णविन्यास अनुसार लेख्ने आदि अभ्यास समाविष्ट देखिन्छन् ।

जस्तै :

तलका प्रश्नहरूको सङ्क्षिप्तउत्तर दिनुहोस : (पृष्ठ ५०)
बैशाख कवितामा नेपाली समाजको कस्तो चित्र उतारेको छ ?
विधालाई प्रशनोत्तर कवितामा कुन कुन रुपमा चित्रण गरिएको छ ? (पृष्ठ ३)

**ख) तहगत आधारमा कविता विधामा नमुना अभ्यास को वर्गीकरण :**

| क्र.सं. | पाठ/सिप | ज्ञान | बोध | व्य.सी. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | प्रश्नोत्तर | २ | २ | ३ | ३ | १० |
| २. | बैशाख | ३ | २ | ३ | ३ | ११ |
| ३. | सहिदको सम्झना | ३ | २ | ५ | ३ | १३ |
| | जम्मा | ८ | ६ | ११ | ९ | ३४ |
| | प्रतिशत | २३.५२ | १७.८२ | ३२.३५ | २६.४७ | |

स्रोत : मा.शि. नेपाली पाठ्यपुस्तक २०६४

प्रस्तुत कविता विधाका पाठ र समाविष्ट नमुना अभ्यासलाई तहगतरुपमा वर्गीकरण गरेर देखाइएको छ । जसअनुसार ज्ञानतहमा ८ (२३.५२), बोधतहमा ६ (१७.८२), व्यावहारिक सिपसम्बद्ध ११ (३२.३५) र उच्च दक्षतासँग सम्बन्धित ९ (२६.४७) अभ्यासहरू रहेका छन् । कविता विधामा ३८ (७.४९) शब्दार्थ राखिएको छ । यसबाट कविता विधाका पाठहरूमा कठिन शब्दहरू कम समावेश भएको प्रष्ट हुन्छ । सरल शब्द र मीठो भाषा शैलीका कविता चयन गरी विद्यार्थीहरूमा कविताप्रतिको चाख बढाउन कविता विधा सक्षम देखिन्छ ।

कविता विधाका विधागत नमुना अभ्यासको संयोजनमा जोड दिन खोजेको देखिन्छ । कविताप्रति रुचि संवर्द्धन गर्ने खालका कार्यकलापप्रति नमुना अभ्यास मौन देखिन्छ । कविता विधाका पाठहरूमा कविता शिक्षण सिकाइलाई रोचक र प्रभावकारी गराउन अन्ताक्षरी प्रतियोगिता, कवि सम्मेलन आदि जस्ता क्रियाकलापको निर्देशन हुनुपर्नेमा त्यो कुरा उल्लेख नहुनु दुर्बल पक्ष मानिन्छ । यस तहका विद्यार्थीलाई कल्पनात्मक शक्तिको विकास गर्नेतर्फ अग्रसर गराउनु पर्ने देखिन्छ ।

### ग) कविता विधामा प्रयुक्त पाठगत नमुना अभ्यासको प्रश्नहरूको विश्लेषण

कक्षा १० मा कविता विधाअन्तर्गत नीतिप्रधान, संस्कृतिप्रधान एउटा प्रश्नोत्तर कविता र प्रकृतिप्रधान समाजप्रधान दुइओटा कविता बैशाख र सहिदहरूको सम्झनालाई समेटने प्रयास गरिएको छ । प्रत्येक कविताका पाठहरूमा समान प्रकृतिका मौखिक उत्तर दिने, गतियति लय मिलाएर वाचन गर्ने, शब्दको शुद्ध उच्चारण गर्ने, शब्दको अर्थ भन्ने, शब्दलाई वाक्यमा प्रयोग गर्ने, सप्रसङ्ग व्याख्या गर्ने, व्याख्या गर्ने र विवेचनात्मक उत्तर दिने प्रश्न राखिएको छ । यसरी हेर्दा सबै पाठमा अभ्यासगत पुनरावृतिका साथै समान प्रकृतिका अभ्यासहरूको छनोट गरिएको छ । प्रत्येक कविताको सुरुमा मौखिक उत्तर आउने प्रश्नहरू राखिएको छ । यी प्रश्नहरू एक वाक्यात्मक प्रकृतिका अतिछोटो उत्तर आउने प्रश्न हुन् । अभ्यासका सुरुमै मौखिक प्रकृतिका अतिछोटो उत्तर आउने प्रश्न राख्नु सान्दर्भिक भए पनि कविले गर्न नसकेका कुरा के के हुन् ? ( पृष्ठ ५०) जस्ता प्रश्नहरू अतिछोटो उत्तरमा त्यति उपयुक्त भएको मानिदैन । यसका साथै वाक्यमा प्रयोग गर्ने प्रश्नमा शब्दको अर्थ पर्यायवाची शब्दमा अनुच्छेद सङ्केत पाइँदैन । त्यसर्थ सबै प्रकृतिका प्रश्नमा अनुच्छेद सङ्केत दिनु राम्रो मानिन्छ ; जस्तै :-

७. वाक्यमा प्रयोग गर्नुहोसः (पृष्ठ )

मातृभूमि, दासता (६), धड्कन (१०), लाजले मुख छोप्न ।

४. तलका शब्दको अर्थ भन्नुहोस् । (पृष्ठ ४९)

पालुवा , बकुल, सुसेली, मधुसुमन

### निबन्ध विधाअन्तर्गतका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

निबन्ध साहित्यको सरलदेखि गहनतम क्षेत्रलाई समेट्न सक्ने विधा हो । निबन्ध भावपरक आत्मापरक तथा कल्पनातिर ढल्केको हुन्छ । माध्यमिक तहमा वस्तुपरक र आत्मपरक निबन्धको शिक्षण बढी उपयोगी मानिन्छ । यसबाट भाषाका विविध पक्ष तथा लेखन सिपको विकासमा मद्दत पुग्दछ । माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ का अनुसार यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यस तहमा पाठय तथा लेख्य निबन्धहरूको भाषिक सिप विकासको अभ्यास गराउँदा मौन पठनबोध, छलफल, प्रश्नोत्तर, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त गद्यांशको सस्वरपठन, पठनबोध, मौखिक तथा लिखित प्रश्नोत्तर, बुँदाटिपोट, व्याख्या , सारांश, भावविस्तारका साथै शब्दोच्चार, कठीन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुतिलेखन जस्ता अभ्यास गराउनु अपेक्षित छ । लेख्य रुपमा यसको शिक्षण गर्दा निर्देशित र स्वतन्त्र लेखनका प्रक्रियाहरू अपनाई निबन्धका उपयुक्त अभ्यास गराउनु आवश्यक छ ।

यसरी निबन्ध शिक्षणका लागि विद्‌यार्थीलाई पठनबोध, सारांश लेखन, भाव विस्तार, सप्रसङ्‌ग व्याख्या, निबन्ध लेखनसँग सम्बन्धित अभ्यासहरू समावेश गरिनु पर्दछ । कक्षा १० को नेपाली पाठ्‌यपुस्तकमा निबन्ध पाठहरू समावेश गरिएको छ । उक्त विधाअन्तर्गतका पाठ र सम्बद्‌ध अभ्यासको वर्गीकरण र विश्लेषण निम्नानुसार गरिएको छ :-

**क) निबन्ध विधामा प्रयुक्त अभ्यासहरूको सिपगत वर्गीकरण**

| क.सं. | पाठ | सु.बो. | प. | ले. | बो.ले. | प.ला. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | जय भोलि | २ | २ | ३ | १ | ७ | १५ |
| २. | मिथिला चित्रकला | २ | ३ | ४ | १ | ५ | १५ |
| ३. | यन्त्रमानव | २ | २ | ५ | १ | ४ | १४ |
| | जम्मा | ६ | ७ | १२ | ३ | १६ | ४४ |
| | प्रतिशत | १३.६३ | १५.९ | २७.२७ | ६.८१ | ३६.३६ | |

स्रोत : मा. शि. नेपाली पाठ्‌यपुस्तक, २०६४

निबन्ध विधामा समाविष्ट ४४ अभ्यासमध्ये सुनाइ र बोलाइ सिपका लागि ६(१३.६३) अभ्यासहरू समावेश देखिन्छन् , जस्तै :

३. तलका शब्दहरू उच्चारण गर्नुहोस् । (पृष्ठ २४)
तन्द्रयाङ्‌तुन्द्रुङ, तात्तातो, थोत्रो

१. तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस : (पृष्ठ ११६)
- क) यातायातका प्रमुख साधन के के हुन् ?
- ख) यन्त्रमानवको कार्यप्रणाली सञ्चालन वा नियन्त्रण गर्ने बौद्‌धिक यन्त्रलाई के भनिन्छ ?
- ग) यन्त्रमानवमा जडान गरिएका कस्ता यन्त्रलाई ‘संवेदक यन्त्र‘ भनिन्छ ?

पढाइ सिप अन्तर्गत ७ अभ्यासहरू समावेश गरिएको छ । यस्ता अभ्यासहरूमा ८ पाठको आठौँ अनुच्छेद सस्वरवाचन गर्नुहोस् (पृष्ठ ११७) ।

२. तलका शब्दहरूको अर्थ भन्नुहोस् : (पृष्ठ २४)

अक्कल, अग्राख, अनुसरण, उपचार, ठाना, प्रठोत, महर्षि, विशेषता, विश्राम, हितैषी । लेखाइ सिपसम्बद्‌ध १२ (२७.२७) अभ्यास समाविष्ट देखिन्छ, जस्तै :

३. तलको वाक्य सच्याएर सार्नुहोस् :
वर्षभरी मनाइने विभिन्न चाडपर्व, व्रतपूजा आदि अवसरहरूमा भीन्न भीन्न रुपमा मिथिला चित्र कला प्रस्तुत हुन्छ (पृष्ठ ६७) ।

१३.	विवेचनात्मक उत्तर दिनुहोस् : ( पृष्ठ ११७ )

वर्तमान युगमा यन्त्रमानवको महत्त्व र उपयोगिता के कस्तो देखिन्छ ?

बोलाइ र लेखाइ सिपसम्बद्ध अभ्यासहरू पनि यस विधामा समावेश छन् । जस्तै

७.	वाक्यमा प्रयोग गर्नुहोस् । (पृष्ठ ११७)

आशातीत, प्रगति, युगान्तकारी, परिवर्तन, दुःसाध्य र कठीन

यस विधामा पढाइ र लेखाइ सिपको एकीकृत विकासमा निकै जोड दिएको देखिन्छ । पढाइ र लेखाइ सिपाको एकीकृत विकासका लागि १६(३६.३९) अभ्यासहरू समाविष्ट देखिन्छन् । यस्ता अभ्यासहरूमा अनुच्छेद पढी उत्तर लेख्ने, पाठसँग सम्बद्ध प्रश्नहरूको उत्तर लेख्ने, पाठको अनुच्छेद पढी मुख्य मुख्य बुँदा दिपोट गर्ने आदि अभ्यासहरू रहेका छन् ।

जस्तै : पाठको पहिलो अनुच्छेदबाट मुख्य मुख्य कुरा नछुटाइ ४ बुँदा टिप्नुहोस् : (पृष्ठ ६९)

मिथिला चित्रकलाको विकास कसरी भएको हो ?

सङ्क्षिप्त उत्तर दिनुहोस् । (पृष्ठ ६९)

मान्छेको मनोवृतिमा भोलिवादको प्रभाव पर्नाका कारण के के हुन् ?

त्यसैगरी सुनाइ र लेखाइ सम्बद्ध अभ्यास पनि कतै समाविष्ट देखिन्छन् , जस्तै :

३. यस पाठको छैठौँ अनुच्छेद शिक्षकको सहयोगमा श्रुति लेखन गर्नुहोस् । पृष्ठ ११९

**ख)	तहगत आधारमा प्रबन्ध विधाका अभ्यासको वर्गीकरण गर्नुहोस् :**

| क्र.सं. | पाठ/सिप | ज्ञान | बोध | व्या.सी. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | जय भोलि | २ | ५ | ५ | ३ | १५ |
| २. | मिथिला चित्रकला | ३ | ४ | ६ | २ | १५ |
| ३. | यन्त्रमानव | २ | ३ | ५ | ४ | १४ |
| | जम्मा | ७ | १२ | १६ | ९ | ४४ |
| | प्रतिशत | १५.९ | २७.२७ | ३६.३६ | २०.४५ | |

स्रोत : मा. शि. नेपाली पाठ्यपुस्तक , २०६४

प्रस्तुत तालिकामा तहगत रुपमा हेर्दा यस विधामा ज्ञानतहमा ७ (१५.९), बोध १२ (२७.२६), व्यावहारिक सिप १६ (३६.३६) र उच्चदक्षता ९ (२०.४५) प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् । ज्ञान तहको अभ्यासमा शब्दको अर्थ लेख्ने, पर्याय लेख्ने आदि अभ्यास रहेका छन् ।

बोध तहका अभ्यासमा एक वाक्यमा उत्तर दिने, छोटो उत्तर दिने, पढेर आशय बताउने, बुँदा टिपोट आदि अभ्यास रहेका छन् । व्यावहारिक सिपअन्तर्गत श्रुतिलेखन, शुद्धोचारण, सस्वरवाचन, वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यासहरू रहेका छन् । उच्च दक्षताअन्तर्गत व्याख्या गर्ने सप्रसङ्ग व्याख्या गर्ने, विवेचनात्मक उत्तर लेख्ने, अभ्यास रहेका छन् । यस विधाअन्तर्गत जम्मा ९१ (१७.९४) प्रतिशत शब्दार्थलाई समावेश गरिएको छ ।

निबन्ध विधा शिक्षणको प्रयोजन लेखनकलाको विकास गराउनु रहेको छ । यसका साथै शब्दभण्डारको अभिवृद्धि गर्नु, बोध र अभिव्यक्ति क्षमताको विकास गराउनुलाई मुख्य मान्न सकिन्छ । निबन्ध विधामा नमुना अभ्यासहरू विशेष गरी लेखाइ सिपलाई महत्त्व दिने अभ्यास गराउनु पर्ने हुँदा निबन्धमा बोध, बुँदा टिपोट, सारांश लेखन सिर्जनात्मक अभ्यासलाई जोड दिनु आवश्यक छ । यस अध्ययनबाट विद्यार्थीका लागि लेखाइ सीपलाई विकास गराउन निबन्ध लेख्ने प्रशस्त अभ्यास राख्नुपर्नेमा नभएको देखिन्छ ।

यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्ति बोध क्षमताको साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमता विकास गर्नु हो । अतः यस विधामा अभ्यासमा निर्देशित तथा स्वतन्त्र रुपमा निबन्ध लेख्न, मौनपठन, प्रश्नोत्तर, छलफल, व्याख्या, बुँदा टिपोट, सारांश लेखन जस्ता अभ्यासमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

**निबन्ध विधामा प्रयुक्त पाठगत प्रश्नहरूको विश्लेषण**

बोध र अभिव्यक्ति दुबै क्षमताको विकास हुन सक्ने गरी निबन्ध विधामा प्रयुक्त पाठहरूमा भएका नमुना अभ्यासको उपयुक्तता, सान्दर्भिकता र स्तरीयताको खोजी गरिएको छ ।

'जय भोलि !' निबन्धमा एक वाक्यात्मक प्रश्नहरू सबैभन्दा सुरुमा राखिएको छ । यी प्रश्नहरू एकवाक्यात्मक, सरल र एकशब्दात्मक भएकोले विद्यार्थीको स्तर, तह र छनोट र स्तरणका दृष्टिले पनि उपयुक्त रहेको देखिन्छ । शब्द शिक्षणका तहमा राखिएका अभ्यासहरूमा शब्दार्थ लेखन, वाक्यनिर्माण, हिज्जेलेखन राखिएको छ । यो निबन्धमा राखिएका सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूमा मनोबैज्ञानिक निबन्ध नभएको हुँदा मान्छेको मनोवृतिमा भोलिवादको प्रभाव पर्नाका कारण खोजी गर्नु राखिएकाले यो निकै असान्दर्भिक भएको र सङ्क्षिप्त उत्तर आउने प्रश्नमा दिन नमिल्ने प्रश्नका रुपमा मानिन्छ ।

मिथिला चित्रकलामा पढाइ सिपा विकासका क्रियाकलापमा बढी अभ्यास राखिएको छ । सस्वर पठन, बोधप्रश्नहरू, मुख्य मुख्य बुँदा टिपोट, जातिवाचक नाम शब्द टिपोट सबै

क्रियाकलाप यसैसँग सम्बन्धित छन् । यसमा शब्दार्थमा भएका शब्दहरू कुची, सलहेस, जस्ता शब्दहरू दोस्रो भाषिका लागि कठीन भएको देखिन्छ ।

यन्त्रमानवमा श्रुतिलेखनका क्रियाकलाप अत्यन्त कम राखिएको छ । यसमा पाठको छैठौँ अनुच्छेद शिक्षकको सहयोगमा श्रुतिलेखन गर्नुहोस भनेर एउटा मात्र प्रश्न राखिएको छ । यस्ता अन्य प्रश्नहरू पनि राख्नु आवश्यक मानिन्छ । यस पाठमा राखिएका अभ्यासहरूमा १४ ओटा मात्र प्रश्नहरू छन् । यो अत्यन्तै थोरै भएको महशुस गरिएको छ । ती प्रश्नहरूमा अति छोटो उत्तरात्मक र लामो उत्तरात्मक (विवेचनात्मक) प्रश्नहरू रहेका देखिन्छन् ।

**जीवनी विधाका पाठ र तिनका समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण**

जीवनी शिक्षणको मुख्य उद्देश्य भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति सिपको विकास गर्नु हो । यसका साथै व्यक्तिको चरित्र निर्माण तथा सकारात्मक भावनाको विकास गरी जीवनलाई विशिष्ट रूपमा मार्गनिर्देशन गर्नु पनि जीवनी शिक्षणको महत्त्वपूर्ण पक्ष हो । त्यसैले जीवनीका पाठ्हरूमा विभिन्न सिप तथा तहगत अभ्यासहरूलाई युक्तिपूर्वक संयोजन गरिनु पर्दछ । मौखिक तथा लिखित अभिव्यक्तिको विकास गर्ने खालका बोध, सारांश लेखन, व्याख्या गर्ने, सिलसिला मिलाएर घटनाक्रमको प्रस्तुति जस्ता भाषिक सिप विकासका अभ्यासहरू समावेश गर्नुपर्ने हुन्छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट जीवनी विधाका पाठ र सम्बद्ध नमुना अभ्यासलाई निम्नानुसार हेर्न सकिन्छ :-

**क) सिपगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण**

| क.सं. | पाठ/सिप | सु.वो. | प. | ले. | बो.ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | जयपृथ्वीबहादुर सिंह | ३ | १ | ३ | २ | ३ | १२ |
| २. | इमानसिंह चेम्जोङ् | २ | २ | ३ | १ | ३ | ११ |
| ३. | नेल्सन मन्डेला | २ | ३ | ४ | १ | २ | १२ |
| | जम्मा | ७ | ६ | १० | ४ | ८ | ३५ |
| | प्रतिशत | २० | १७.१४ | २८.५७ | ११.४२ | २२.८५ | |

स्रोतः मा. शि. नेपाली पाठ्यपुस्तक, २०६४

जीवनी विधाका पाठमा समाविष्ट नमुना अभ्यासलाई भाषिक सिपागत आधारमा वर्गीकरण गरिएको छ । यसमा सुनाइ र बोलाइ सिप अन्तर्गत ७ (२०), पढाइ सिपअन्तर्गत ६ (

१७.१४), लेखाइ अन्तर्गत १० (२८.५७), बोलाइ र लेखाइ सिप विकास गर्ने ८ (२२.८५) प्रतिशत अभ्यासहरू रहेको देखिन्छ । यस विधामा शब्दार्थ संख्या ८९ (१७.५५) प्रतिशत समाविष्ट देखिन्छ ।

यस विधामा पनि अन्य विधामा जस्तै एक वाक्यमा मौखिक उत्तर दिने, शुद्धोच्चारण गर्ने जस्ता अभ्यासहरू सुनाइ र बोलाइ सिपसम्बद्ध देखिन्छन् , जस्तै :

२. तलका शब्दहरूको उच्चारण गर्नुहोस् । (पृष्ठ ३२)

प्रयत्न, सुदृढ, आयूर्वेदिक, रुष्ट, मूर्त, निरङ्कुश

१. तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् ।

क) नेपालीहरू कसरी राष्ट्रिय एकतामा आवद्ध भएका छन् ?

ख) नेपाली संस्कृतिको निर्माण कसरी भएको छ ?

शब्दको अर्थ लेख्ने, सस्वरवाचन गर्ने जस्ता अभ्यास पढाइ सिपासम्बद्ध देखिन्छन्, जस्तै :

अर्थ भन्नुहोस् ।

समृद्ध, योद्धा, सार्धक, सभ्यता, लिपि

प्रश्न नं. ४ पाठको पाँचौं अनुच्छेद सस्वरवाचन गर्नुहोस् । (पृष्ठ १३८)

लेखाइ सिप अन्तर्गत शुद्ध पारी लेख्ने, व्याख्या गर्ने, सप्रसङ्ग व्याख्या गर्ने आदि अभ्यासलाई राखिएको छ ।

जस्तै : तलका वाक्य सच्याएर कापीमा सार्नुहोस् :

एनि आफनो पिताको धर्मीक क्रियाकलाप बाट अत्यन्त प्रभावित थिए । (पृष्ठ ३२)

१०. व्याख्या गर्नुहोस् ।

नेपाल साँस्कृतिक विविधता भएको एक समृद्ध मुलुक हो । (पृष्ठ ८१)

बोलाइ र लेखाइ सिप अन्तर्गत वाक्यमा प्रयोग गर्ने, सामुहिक छलफल गरी लेख्ने जस्ता अभ्यासहरू देखिन्छन् , जस्तै :

अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । (पृष्ठ ३२)

कुटनीतिक, ख्याल गर्नु, हिम्मत हार्नु

९. विद्यार्थीले आफ्नो नाम कमाउन कस्ता कस्ता प्रयासहरू गर्नुपर्ला, सामुहिक रुपमा कक्षामा छलफल गरी मुख्य मुख्य बुँदा टिप्नुहोस् । (पृष्ठ ३३)

पढाइ र लेखाइ सिपको एकीकृत विकासका लागि अनुच्छेद पढी उत्तर लेख्ने, बुँदा टिपोट गर्ने अभ्यास समाविष्ट छन् । जस्तै :

८. पाठको छैठौँ अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् । (पृष्ठ ३३)

क) नेपालको पहिलो पत्रिका कुन हो र यसमा जयपृथ्वीको संलग्नता कहिलेदेखि कहिलेसम्म रहेको थियो ?

**ख) तहगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण**

| क.सं. | पाठ/सिप | ज्ञान | बोध | व्या. सी. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | जयपृथ्वीबहादुर सिंह | २ | ४ | ३ | ३ | १२ |
| २. | इमानसिंह चेमजोङ् | १ | ३ | ४ | ३ | ११ |
| ३. | नेल्सन मन्डेला | १ | ३ | ५ | ३ | १२ |
| | जम्मा | ४ | ११ | १२ | ९ | ३६ |
| | प्रतिशत | १२.४२ | ३१.४२ | ३४.२८ | २५.७१ | |

तालिका अनुसार तहगत रुपमा नमुना अभ्यासलाई हेर्दा ज्ञानात्मक तहमा ४(११.४२) , बोध तहमा ११(३१.४२), व्यावहारिक सिप अन्तर्गत १२(३४.२८) र उच्च दक्षता अन्तर्गत ९( २५.७१) प्रतिशत अभ्यासहरू समाविष्ट देखिन्छन् । जीवनी विधा पनि गद्यात्मक अभिव्यक्ति, भाषिक प्रयोग एवम् चरित्र निर्माणका लागि प्रभावकारी विधा भएको हुँदा यस तहमा बोध तहका अभ्यासलाई प्राथमिकताका साथ समेट्नु आवश्यक देखिन्छ । जीवनी विधाले शब्दभन्डारका लागि विशेष भूमिका खेल्ने हुनाले यस विधामा दिइएका शब्दार्थ न्यून देखिन्छन् । चरित्र चित्रण गर्ने, चारित्रिक विशेषताका आधारमा लिखित अभिव्यक्ति दिने जस्ता उच्च दक्षताका अभ्यासलाई नमुना अभ्यासमा समावेश गर्नु राम्रो देखिन्छ । घटनाक्रमको सिलसिलाबद्ध प्रस्तुतिले बोलाइ तथा लेखाइ सिप विकासमा सहयोग पुरयाउने भएकोले त्यस्ता अभ्यासको यहाँ अभाव देखिन्छ ।

यसरी जीवनी विधामा पाठ्यक्रमको मर्मअनुसार नै भाषाका चारै सिप सुनाइ, बोलाइ र पढाइ, लेखाइ सिपलाइ महत्त्व दिइएको छ । घटनाक्रमको सिलसिलाबद्ध प्रस्तुतिले बोलाइ र लेखाइ सिपको विकासमा सहयोग पुग्ने हुँदा त्यस किसिमका अभ्यासहरू थप गर्नु आवश्यक देखिन्छ ।

**रुपक विधाका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण**

रुपक विधा भाषाशिक्षणको लागि रोचक र प्रभावकारी विधा मानिनछ । रुपक अन्तर्गतका संवाद, वादविवाद र एकाङ्कीलाई कक्षा दसको पाठ्यक्रममा समेटिएको छ । रुपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसर्थ यसका अतिरिक्त विद्यार्थीहरूलाई जानकारी एवम् सन्देशमूलक सूचना दिनु यसको उद्देश्य हो । साहित्यिक रसस्वादनका लागि पनि रुपक प्रभावकारी विधा मानिन्छ ।

**क) रुपक विधाको अभ्यासको सिपगत वर्गीकरण**

| क्र.सं. | पाठ/सिप | सु.पो. | प. | ले. | बो.ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | काम खोज्दै जाँदा (संवाद) | २ | २ | ३ | २ | १ | १० |
| २. | भाग्यभन्दा परिक्षम ठूलो (वादविवाद) | २ | ३ | १ | १ | २ | ९ |
| ३ | घरको माया (एकाङ्की) | २ | ३ | २ | १ | २ | १० |
| | जम्मा | ६ | ८ | ६ | ४ | ५ | १९ |
| | प्रतिशत | २०.३४ | २७.५८ | २०.३४ | १३.७९ | १७.३४ | |

स्रोत : मा. शि. नेपाली पाठ्यपुस्तक, २०६४

पाठ्यपुस्तकमा समाविष्ट रुपक विधाका तीनवटा पाठमा जम्मा २९ वटा अभ्यासहरू दिइएका छन् । तीमध्ये सुनाइ र बोलाइ सिपसम्बद्ध ६ (२०.३४) प्रतिशत रहेका छन् । शुद्धसँग उच्चारण गर्ने र मौखिक उत्तर दिने जस्ता अभ्यासलाई यस अन्तर्गत राखिएको छ, जस्तै :

२. उच्चारण गर्नुहोस् : (पृष्ठ ९३)

परारक्रम, विश्वमित्र, मन्तव्य

१. तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :(पृष्ठ ४२)

क) सन्तमानले कुन तहसम्मको पढाइ पूरा गरेको छ ?

ख) सन्तमान कामको खोजीमा कहाँ गएको थियो ?

पढाइ सिप सम्बद्ध ८ (२७.५८) प्रतिशत देखिन्छ । यस अन्तर्गत शब्दको अर्थ लेख्ने, शिक्षकको निर्देशनमा पाठलाई हाउभाउ सहित पढ्ने आदि अभ्यास रहेका छन् । जस्तै : शिक्षकको

निर्देशनमा घरको माया एकाङ्की हाउभाउ सहित अभिनय गर्नुहोस (पृष्ठ १२९) अभ्यास पढाइ सिपसम्बद्ध देखिन्छन् ।

त्यसैगरी लेखाइ सिप अन्तर्गत ६ (२०.३४) प्रतिशत अभ्यास समावेश गरिएको छ । यस अन्तर्गत व्याख्या गर्ने, सच्याएर लेख्ने, सप्रसङ्ग व्याख्या गर्ने जस्ता अभ्यास रहेका छन्, जस्तै :-

व्याख्या गर्नुहोस् : (पृष्ठ ४३)

जीवन भनेकै सुख दुःखको समिश्रण हो ।

१०. सप्रसङ्ग व्याख्या गर्नुहोस् : (पृष्ठ १२९)

भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती ।

६. सच्याएर सार्नुहोस् : (पृष्ठ ४२)

विदेश गएपछि त रुखबाट टिपेझै पैशा सोर्न सकिन्छ जस्तो लाग्थ्यो ।

बोलाइ र लेखाइ सिपसम्बद्ध ४(१३.७९) प्रतिशत अभ्यासहरू रहेका छन् । वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यास राखिएका छन् , जस्तै :

वाक्यमा प्रयोग गर्नुहोस् : (पृष्ठ ९३)

उन्नति, समुन्द्र, सृष्टि, उपेक्षा, लगानी ।

पढाइ र लेखाइ सिपसम्बद्ध ५ (१७.३४ प्रतिशत) अभ्यासहरू समाविष्ट छन् । यस अन्तर्गत पाठ पढी सङ्क्षिप्त उत्तर लेख्ने, पाठ पढी विभिन्न शब्द खोजेर लेख्ने अभ्यास समावेश छन्, जस्तै :-

६. पाठबाट सर्वनाम शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् । (पृष्ठ ९३)

९. तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् । (पृष्ठ १२९)

क) घरको माया एकाङ्कीमा के कस्तो देशप्रेम देखाइएको छ ?

ख) घरको माया एकाङ्कीले दिन खोजेको सन्देश के हो?

आदि अभ्यासहरू यसमा राखिएका छन् ।

**ख) रुपक विधाका नमुना अभ्यासको तहगत वर्गीकरण**

| क्र.सं. | पाठ/सिप | ज्ञान | बोध | व्या.सी. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | काम खोज्दै जाँदा (संवाद) | २ | २ | ५ | २ | १० |
| २. | भाग्यभन्दा परिश्रम ठूलो (वादविवाद) | २ | १ | ५ | १ | ९ |
| ३. | घरको माया (एकाङ्की) | २ | २ | ५ | १ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जाम्मा | ६ | ५ | १४ | ४ | २९ |
| | प्रतिशत | २०.३४ | १७.२४ | ४८.२७ | १३.७९ | |

स्रोत : मा. शि. नेपाली पाठ्यपुस्तक, २०६४

प्रस्तुत तालिका हेर्दा रुपक विधा पाठमा समाविष्ट नमुना अभ्यासलाइ तहगत रुपमा वर्गीकरण गरेर देखाइएको छ । जसअनुसार ज्ञान तहमा ६ (२०.३४ प्रतिशत), बोध तहमा ५ (१७.२४ प्रतिशत), व्यावहारिक सिपसमबद्ध १४ (४८.२७ प्रतिशत), अभ्यासहरू रहेका छन् । रुपक विधामा जम्मा १४७ (२८.९९ प्रतिशत) शब्दार्थ समावेश गरिएको छ । यस विधाले शब्दभण्डारमा जोड दिन खोजेको देखिन्छ ।

यस प्रकार रुपक विधाका पाठमा समाविष्ट नमुना अभ्यासले सबै भाषिक सिपलाई समेटेर अगाडि बढ्न खोजेको देखिन्छ । रुपक शिक्षणको मूल मर्म कथ्य अभिव्यक्तिको विकास गर्नु रहेकोले यसमा पढाइ र बोलाइ जस्तो भाषिक सिपको विकास गराउने उद्देश्यका अभ्यासहरू बढी समावेश गर्नुपर्ने हुन्छ ।

**चिठी विधाका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण**

चिठी लिखित माध्यमद्वारा विचार तथा कुराकानीको विनिमय गर्ने महत्त्वपूर्ण माध्यम हो । यो एक अर्काको अनुभव आदान प्रदान एवम् वैयक्तिक सम्बन्ध विकास गर्ने माध्यम पनि हो । विद्यार्थीमा चिठीद्वारा स्वतन्त्र अभिव्यक्तिको विकास, कुनै पनि सन्देश अरुले राम्ररी बुझ्न सकून् भन्ने लेखाइ, भन्न चाहेको कुराको स्पष्ट अभिव्यक्तिको विकास हुन्छ ।

यस प्रकार चिठी व्यावहारिक र प्रयोजनपरक विधा भएकोले यसमा पनि अभ्यासहरूको संयोजनमा जोड दिनु पर्दछ । व्यावहारिकरुपमा विभिन्न प्रकारका ढाँचा र तिनमा आफ्नो विचारको प्रस्तुतिलाई समेत उपयुक्त किसिमले व्यावहारिक तुल्याउनु चिठी शिक्षणको अभिष्टता हो भन्ने कुरालाई मनन गरी अभ्यासको संरचना तयार पारिन्छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चिठी विधाका पाठमा अभ्यासलाई निम्नानुसार हेर्न सकिन्छ :-

**क) चिठी विधाका पाठमा समाविष्ट नमुना अभ्यासको सिपगत वर्गीकरण**

| क्र.सं. | पाठ/सिपा | स.वो. | प. | ले. | बो.ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | व्यापारिक चिठी | १ | | १ | १ | २ | ५ |
| | जम्मा | १ | | १ | १ | २ | ५ |
| | प्रतिशत | २० | | २० | २० | ४० | |

यस विधा अन्तर्गत सुनाइ र बोलाइ सिपसम्बद्ध १ (२० प्रतिशत) रहेका छन् । यस अन्तर्गत मौखिक उत्तर दिने प्रश्न रहेको छ , जस्तै :

१. तलका प्रश्नहरूको उत्तर दिनुहोस्:

क) व्यापारिक चिठीको आदि, मध्य र अन्त्यमा के के कुरा लेखिन्छन् ?

ख) व्यापारिक चिठी र घरायसी चिठीमा के कस्ता भिन्नताहरू हुन्छन् ?

लेखाइ सिपअन्तर्गत १ (२० प्रतिशत) अभ्यास रहेका छन् । जसमा विभिन्न प्रयोजनका लागि चिठी लेख्ने अभ्यास छन् , जस्तै :

जाडोमा सुइटर किन्न सहरको छात्रावासमा बस्ने विद्यार्थीले आफ्ना अभिभावकलाई लेख्ने चिठी तयार पानुहोस् ।

बोलाइ र लेखाइ सिपअन्तर्गत १ (२० प्रतिशत) अभ्यास छन् । यस अन्तर्गत वाक्यमा प्रयोग गर्ने अभ्यास पर्दछ , जस्तै :

वाक्यमा प्रयोग गर्नुहोस् : यथाशीघ्र, भुक्तानी, पेस्की, रकम, बिल (पृष्ठ ७४)

पढाइ र लेखाइ सिपअन्तर्गत २ (४० प्रतिशत) अभ्यास समाविष्ट देखिन्छन् । जस्तै :

५. तलका शब्दबाट क्रियायोगी , निपात, विस्मयादिबोधक, शब्दलाई छुट्याई तालिका बनाउनुहोस् :(पृ. ७४)

राम्ररी, हिजो, झट्ट, अहो, खै, नि, लौ,

**ख) चिठी विधाका नमुना अभ्यासको तहगत वर्गीकरण :**

| क.सं. | पाठ/सिप | ज्ञान | बोध | व्य.सी. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | व्यापारिक चिठी | | १ | ४ | | |
| | जम्मा | १ | | ४ | | ५ |
| | प्रतिशत | | २० | ८० | | |

बोध तहमा १ (२० प्रतिशत) र व्यावहारिक सिपसम्बद्ध ४ (८० प्रतिशत) अभ्यासहरू समाविष्ट देखिन्छन् । चिठी व्यावहारिक विषय भएकाले यस विधामा व्यावहारिक सिपलाई बढी जोड दिनु उचित देखिन्छ । चिठी व्यावहारिक विधा भएकाले लेखाइ सिपसम्बद्ध अभ्यास बढी गराउनु चिठी शिक्षणको उद्देश्य अनुरुप ठहर्छ ।

समग्रमा चिठी विधाले भाषिक सिप विकासमा सहयोग गर्ने देखिन्छ । शब्दार्थ नियन्त्रण गरी एक पाठमा जम्मा ४ (०.७९ प्रतिशत) शब्द दिनु सरलतम् अभिव्यक्तिको नमुना मान्न सकिन्छ । चिठीमा प्रयोग गरिने भाषा सरल सुबोध्य र सहज प्रकृतिको हुनुपर्ने कुरा शब्द भण्डारको नियन्त्रणबाट पनि थाहा हुन्छ ।

## अध्याय : पाँच

## सारांश

**प्रस्तुत शोधकार्यको सारलाई अध्यायगत रुपमा निम्न अनुसार समेटिएको छ ।**

**अध्याय १.**

विद्यार्थीहरूले सिक्न चाहेको भाषा कुन प्रयोजनका निम्ति सिक्दै छ । जस्तै आधारभूत क्षेत्रहरू कृषि, विज्ञान, शिक्षा, कानुन, कला, वाणिज्य, पर्यटन आदि कुन चाँहि प्रयोजनका निम्ति भन्ने कुरामा ध्यान दिनुपर्छ । त्यसै क्षेत्रमा प्रयुक्त र उपयोगी हुने भाषिक ज्ञान विद्यार्थीलाई उपलब्ध हुने गरी पाठ्यक्रम निर्माण गर्नुपर्छ ।

- स्तरणका ६ वटा प्रकार वा पद्धति उपयोगमा ल्याउन सकिन्छ ।
    १. रेखीय पद्धति
    २. चक्रीय पद्धति
    ३. परम्परागत पद्धति
    ४. व्याकरणात्मक पद्धति
    ५. सम्प्रेषणात्मक पद्धति
    ६. प्रकार्यात्मक पद्धति

**समस्याकथन**

क) कक्षा १० को नमुना अभ्यासहरू पाठ्यक्रमको उद्देश्य प्राप्तिमा सहयोगी छन् ?

ख) कक्षा १० को नमुना अभ्यासहरू पाठ्यपुस्तकमा प्रयुक्त विषयबस्तु अनुरुप छन् ?

ग) कक्षा १० को नमुना अभ्यासहरू विधाको क्षेत्र र क्रमका आधारमा सिपगत विविधता अनुरुप राखिएका छन् ?

घ) कक्षा १० को नमुना अभ्यासहरू विद्यार्थीको उमेर, रुचि र मानसिक स्तर अनुसार छन् ?

**अध्ययनको औचित्य र महत्त्व**

अहिलेसम्म कक्षा १० का नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरूको अध्ययन नभएकामा यो पहिलो अध्ययन भएकाले, यस अध्ययनबाट नेपाली भाषा शिक्षक, विद्यार्थी, अभिभावक, भाषापाठ्यक्रमविद् र मूल्याङ्कनविद् लगायत सम्पूर्ण सरोकारवालाहरू लाभान्वित हुने भएकाले, यस नमुना अभ्यासको अध्ययनले भाषिक सिप प्राप्तिमा जोड दिने भएकाले यसको महत्त्व सिद्ध भएको छ ।

प्रस्तुत अध्ययनले विद्यार्थीले अभ्यासका माध्यमबाट छिटो, सरल, सहज ढङ्गले धारणा विकास गर्ने हुँदा मनोवैज्ञानिक सिद्धान्त अनुसार भाषिक अभ्यासहरूलाई निर्माण गर्न जोड दिने हुँदा भाषा पाठ्यपुस्तकमा भएका अस्पष्ट, असान्दर्भिक, अवैज्ञानिक अभ्यासको अध्ययन गरी सुझाव दिन पनि यो सान्दर्भिक देखिएको छ ।

**अध्ययनको उद्देश्य**

क) पठ्यक्रम अनुरुपताका आधारमा नमुना अभ्यासहरू उपयुक्त भएको नभएको हेर्नु,

ख) कक्षा १० को नेपाली भाषा पाठ्पुस्तकमा भएका विषयवस्तु अनुरुप नमुना अभ्यासहरू रहेको नरहेको हेर्नु,

ग) नमुना अभ्यासहरू विधाको क्षेत्र र क्रमका आधारमा सिपगत विविधता अनुरुप वर्गीकरण र विश्लेषण गर्नु ,

घ) नमुना अभ्यासलाई विद्यार्थीहरूको उमेर, रुचि र मानसिक स्तर अनुरुप भएको नभएको हेर्नु ।

**अध्ययनको प्राक्कल्पना**

क) कक्षा १० का नेपाली भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासहरू कक्षागत स्तर अनुसार उपयुक्त हुनसकेका छैनन् ।

ख) कक्षा १० को नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासले सिपगत विविधतामा जोड दिएका छन् ।

ग) विधागत विविधताअनुसार नमुना अभ्यासमा विविधता आउन सकेको छैन ।

**अध्ययनको परिसीमा**

क) प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्क्रम विकास केन्द्रद्वारा लागु गरिएको माध्यमिक तह कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अभ्ययनमा सीमित हुनेछ ।

ख) यस अध्ययन अभ्यासहरूको पुनरावृत्ति र निरन्तरताको अध्ययनमा आधारित हुनेछ ।

ग) यस अध्ययन नमुना अभ्यासहरूको छनोट र स्तरणमा आधारित रहेको छ ।

घ) यस अध्ययन कक्षा १० मा भएका नमुना अभ्यासहरूको उपयुक्तता, सान्दर्भिकता र वैधतामा आधारित भएको हुनेछ ।

ङ) अध्ययनको निष्कर्ष विषयवस्तुको विश्लेषणमा आधारित रहेको छ ।

## अध्याय दुई

सन्तोष ढकालदवारा **कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरुपताको अध्ययन** (२०६९) शीर्षकको शोधपत्र शिक्षाशास्त्र संङकाय स्नातकोत्तर तह दोस्रो बर्षको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

केदारप्रसाद शर्माले **प्रावि तहका भाषा पाठ्पुस्तकमा प्रयुक्त नमुना अभ्यासको विश्लेषण** (**२०५२**) शीर्षकको शोधपत्र प्रस्तुत गर्नु भएको छ ।

डिल्लीराम रिमालद्वारा लिखित निम्न माध्यमिक तहको **नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन** (**२०५३**) स्नातकोत्तर उपाधि प्रप्तिका लागि शोधपत्र प्रस्तुत गर्नु भएको छ ।

केशवप्रसाद काफ्लेदवारा **कक्षा १० को नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन** (२०६६) शीर्षकको आफ्नो एम.एड. दोस्रो वर्षको शोधपत्रमा भाषापाठ्क्रम अनुरुपकै पाठ्यपुस्तक तयार भएपनि विभिन्न प्रकृतिका प्रश्नहरू समाव्श नभएको छनोट र स्तरणमा ध्यान नदिएको, क्रमिकतामा ध्यान नदिएको निष्कर्ष निकालिएको छ ।

सोमनाथ कट्टेल (२०६१) ले **कक्षा ८ को भाषा पाठ्यपुस्तकमा समाष्टि व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषण र अध्ययन** शीर्षकको शोधकार्य स्नातकोत्तर उपाधिका लागि श्री जनता बहुमुखी क्याम्पसमा प्रस्तुत गरिएको छ । यस अनुसंधानमा व्याकरणिक पा्ठ्यवस्तुको स्तरण गर्दा पाठ्क्रम र पाठ्पुस्तकमा एकरुपता पाइँदैन । सोमनाथ कट्टेलले **कक्षा ८ को भाषा पाठ्यपुस्तकमा समाष्टि व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषण र अध्ययन** शीर्षकको शोधकार्य स्नातकोत्तर उपाधिका लागि त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्कायमा प्रस्तुत गरिएको छ ।

## अध्याय तीन

### अध्ययनको संरचना

प्रस्तावित अध्ययन सैद्धान्तिक प्रकृतिको भएकाले निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिका लागि मूल रूपमा पुस्तकालय विधिको प्रयोग गरिएको छ । यो शोधकार्य सिर्जनात्मक रुपमा सम्पन्न गर्न आगमन बिधि निकै उपयोगी हुने ठहर्छ ।

**जनसङ्ख्या र नमुना**

प्रस्तुत अध्ययन कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा भएका नमुना अभ्यासको अध्ययनमा आधारित भएपनि सुनसरी जिल्लाका कोशी बाढीपीडित क्षेत्रभित्र पर्ने ४ वटासम्म विद्यालयलाई आधार मानी  उपयुक्तता स्तर अनुकूलता सान्दर्भिकता र विद्यार्थीका रुचि आवश्यकता पहिचान गरिने छ ।

**नमुना छनोट प्रक्रिया**

क) कोशी बाढीपीडित क्षेत्र वरपरका प्रत्येक सरकारी विद्यालयका उच्च क्षमता भएका विद्यार्थीहरू   = २ का दरले

ख) कोशी बाढीपीडित क्षेत्र वरपरका प्रत्येक सरकारी विद्यालयका शिक्षकहरू  = ३ का दरले

ग) कोशी बाढीपीडित क्षेत्र वरपरका प्रत्येक सरकारी विद्यालयका निम्न क्षमता भएका विद्याार्थीहरू = २ का दरले

**तथ्याङ्क संचालनका साधन**

**क) प्राथमिक सामग्री**

प्रस्तावित शोधमा विद्यार्थी, शिक्षक र विशेषज्ञसँग गरिएका छलफल, अन्तर्वार्ता र प्रश्नावलीलाई प्राथमिक सामग्रीको रुपमा उपयोग गरिएको छ ।

**ख) द्वितीयक सामग्री**

प्रस्तावित शोधमा भाषापाठ्यपुस्तकमा भएका अभ्यासहरूको अध्ययनका लागि भाषाका सम्बन्धमा चर्चा गरिएका सैद्धान्तिक पुस्तक, पत्रपत्रिका, लेखरचना, नमुना अभ्यासका सम्बन्धमा गरिएका शोध, अनुसन्धानहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तावित ‘कक्षा १० को नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको शोधमा जनक शिक्षा सामग्री केन्द्रद्वारा प्रकाशित कक्षा १० को नेपाली पाठ्यपुस्तकलाई सामग्रीको रूपमा उपयोग गरिएको छ ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

क) यस कार्यमा पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको आधार बनाइएको छ ।

ख) यसमा सम्भवत पत्रपत्रिका अनुसन्धानसँग सम्बन्धित पुस्तक लेख रचनालाई आधार बनाइएको छ ।

ग) आदरणीय गुरुहरूको राय सुझावलाई मार्ग दर्शनका रुपमा लिइएको छ ।

**तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया**

क) भाषा पाठ्यपुस्तकमा रहेका अभ्यासहरू सकेसम्म सरल संक्षिप्त रुपमा विश्लेषण गरिएको छ ।

ख) पाठ्क्रम अनुरुपताप्रति ध्यान दिइएको छ ।

ग) अध्ययनको मुख्य विधि पुस्तकालयीय विधि हो ।

घ) विभिन्न विद्वानले विश्लेषण गरेका अभ्यासलाई आधार बनाइएको छ ।

## अध्याय चार

**छलफल र ब्याख्या**

तहगत आधारमा मुख्य रुपमा चार तहमा विभाजन गरी वर्गीकरण र विश्लेषण गरिएको छ । ती मध्ये :

१. ज्ञानतहमा विषयवस्तुको ज्ञानलाई जोड दिने खालका अभ्यासहरू राखिएको छ । यस्ता अभ्यासमा भाषिक सिप विकास कार्यकलापभन्दा विषयवस्तुगत संज्ञानात्मक क्षेत्रसँग सम्बन्धित अभ्यासमा जोड दिइएको छ ।

२. बोध तहमा कुनै विषय पढेर सुनेर अर्थात ग्रहण गरेका आधारमा बुझ्ने र अरुलाई बुझाउने क्षमता वा सिप सम्बद्ध अभ्यासलाई समाबेश गरिएको छ । यस खालका अभ्यासमा विद्यार्थीको बोध क्षमताको विकास गर्ने क्रियाकलापहरू अगाडि सारिएको हुन्छ । बोध अभ्यासहरू कथा प्रबन्ध, निबन्ध विधामा बढी उपयोगी मानिन्छन् । तर अन्य विधामा पनि यस तहका अभ्यासहरूको उपयोग गर्ने अवसर प्रशस्तै पाइन्छ ।

३. व्यावहारिक सिप सम्बद्ध अभ्यासहरूमा विद्यार्थीले सिकेका कुरालाई व्यवहारमा देखाउने खालका क्रियाकलापहरू समेटिएका हुन्छन् । यी अभ्यास अभिव्यक्तिपरक देखिन्छन् । भाषातत्वका रुपमा व्याकरणका अभ्यास व्यावहारिक सिपसम्बद्ध देखिन्छ ।

४. उच्च दक्षताको तहमा विद्यार्थीले संज्ञानात्मक एवम् बोध दुवै प्रकारका दक्षतालाई अभिव्यक्त गर्ने क्रियाकलापसँग सम्बन्धित अभ्यासहरूलाई समेटिएको छ । यस्ता क्रियाकलापमा कुनै कुरा खण्डल मण्डन, विवेचना गर्ने, स्पष्टीकरण दिने, विश्लेषण गर्ने, सारांश लेख्ने, व्याख्या गर्ने आदि अभ्यासलाई समेटिएको छ ।

सिपगत आधारमा उद्देश्यहरूको वर्गीकरण :

सिपगत

कथा विधाअन्तर्गतका पाठ र समबद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण

क) सिपगत आधारमा कथा विधाको अभ्यासको वर्गीकरण :

**अ) सुनाइ र बोलाइ सिप अन्तर्गतका अभ्यास :**

यस अन्तर्गतका अभ्यासहरू मौखिक उत्तर दिने, शुद्ध उच्चारण गर्ने आदि पर्दछन् । यसैगरी घटनाक्रम मिलाउने छलफल गर्ने, शब्दको अर्थ भन्ने, अभ्यासहरू यस अनतर्गत पर्दछन् ।

**आ) पढाइ सिपअन्तर्गतका अभ्यास :**

यस अन्तर्गत सस्वरवाचन गर्ने, शब्दको अर्थ बताउने ठीक उत्तरमा चिनो लगाउने आदि अभ्यासहरू रहेका हुन्छन् ,

**इ) लेखाइ सिप अन्तर्गतका अभ्यासहरू :**

यस अन्तर्गत सच्याएर पुनर्लेखन गर्ने, सप्रसङ्ग व्याख्या गर्ने, विवेचनात्मक उत्तर लैख्ने , सार लेख्ने, बुँदा टिपोट गर्ने, सारांश लेख्ने, भाव स्पष्ट पार्ने चरित्र चित्रण गर्ने आदि जस्ता अभ्यास रहेका छन्

# अध्याय : छ

## निष्कर्ष र सुझाव

पाठ्यक्रम समग्र शिक्षा प्रणालीको मेरुदण्ड हो । पाठ्यक्रमकै आधारमा पाठ्यसामग्री पाठ्यपुस्तकको निर्माण गरिन्छ । पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो । पाठ्यक्रमकै उद्देश्य पूर्तिमा सहयोगी हुने गरी पाठ्यपुस्तकको निर्माण गरिन्छ । समयको आवश्यकता र सापेक्षताका आधारमा समयअनुकूल हुनेगरी पाठ्यक्रम र पाठ्यपुस्तकमा परिवर्तन गरिन्छ ।

यसै क्रममा माध्यमिक तहको नेपाली भाषापाठ्यक्रमले तहगत रुपमा नेपाली विषयको जम्मा १७ वटा साधारण उद्देश्य निर्धारण गरेको छ । कक्षा दशको नेपाली विषयका लागि २४ वटा भाषिक सिपगत उद्देश्य निर्धारण गरेको छ । ती मध्ये सुनाइ र बोलाइ सिपका लागि ८, पढाइ सिपका लागि ६ र लेखाइ सिपका लागि १० वटा उद्देश्य निर्धारण गरेको छ ।

भाषा पाठ्यपुस्तकमा रहेका विभिन्न विधागत पाठ र तिनमा समावेश गरिएको नमुना अभ्यासका माध्यमबाट पाठ्यक्रमका उद्देश्यहरू हासिल गर्न सकिन्छ । यस आधारमा नमुना अभ्यास र पाठ्यक्रमका उद्देश्यका बीचमा घनिष्ट सम्बन्ध रहेको हुन्छ । पाठ्यक्रमको उद्देश्य पुरा गर्न बढीभन्दा बढी क्रियाकलापमुखी अभ्यासहरूको संयोजनमा ध्यान पुर्‍याउनु आवश्यक देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा तयार पारिएको कक्षा १० को नेपाली पाठ्यपुस्तक देशभरका विद्यालयहरूमा अध्यापन गरिदै आइएको छ । यस अध्ययनले कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययनबाट प्राप्त निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ :

### निष्कर्ष

१. माध्यमिक तह कक्षा १० को नेपाली विषय पाठ्यक्रम २०६४ अनुसार नेपाली भाषा पाठ्यपुस्तक तयार पारिएको छ । यस पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपाको विकाससँग सम्बन्धित अभ्यासहरू समावेश गरिएको छ ।

२. नेपाली भाषा पाठ्यक्रमले विभिन्न विधागत पाठहरूलाई समावेश गरी भाषिक सिप विकास गराउने उद्देश्य राखेको छ ।

३. नमुना अभ्यास विद्यार्थीको उमेर, तह, क्षमता र रुचि अनुरुप नै छनोट भएको देखिन्छ ।

४. उद्देश्य विभिन्न तह ज्ञान, बोध, व्यावहारिक सिप र उच्च दक्षता लाई समेट्ने गरी नमुना अभ्यासको समायोजन गर्ने प्रयास गरिएको देखिन्छ ।

५. नमुना अभ्यास विषयवस्तुको सैद्धान्तिक ज्ञानमा भन्दा व्यावहारिक ज्ञानतर्फ उन्मुख भएको देखिन्छ ।

६. नमुना अभ्यास सरलदेखि जटिलताको क्रममा प्रस्तुत गरिएको छ ।

७. विधागत विविधता अनुरुप नमुना अभ्यासगत विविधता पनि अपनाइएको छ ।

८. समान किसिमका विधागत पाठमा अभ्यासहरूको बारम्बार पुनरावृति मात्र भएको छ । तर अभ्यासगत गहनता देखिँदैन ।

९. बोलाइ सिपको स्थितिलाई हेर्दा शुद्ध र स्पष्ट उच्चारण गर्न लगाएको छ । जसले पाठ्यक्रमको उद्देश्यलाई पछ्याइएको छ ।

१०. भाषा स्वतन्त्र अभिव्यक्तिबाट सिकिने विषय भएकोले नमुना अभ्यास स्वतन्त्र अभिव्यक्तिको संबद्र्धन गर्ने गरी समायोजन गरिएको छ ।

११. पाठ्यक्रमले सबै भाषी विद्यार्थीहरूमा सिप अभिवृदधि गर्ने लक्ष्य लिएको छ । नमुना अभ्यासले कसैलाई विभेद नगरी समान सिप विकासमा टेवा पुर्‍याउने तर्फ ध्यान दिएको छ ।

१२. समग्रमा नमुना अभ्यासहरू प्रारम्भमा बोलाइ सिपबाट प्रारम्भ हुँदै लेखाइ सिपतर्फ उन्मुख भएको पाइनुका साथै स्तरीय रुपमा समायोजन गर्ने प्रयास गरिएको देखिन्छ ।

**दुर्बल पक्षहरू**

१. भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा सबै प्रकारका सिप समेटिएता पनि पढाइ र बोलाइ सिपाका लागि पर्याप्त अभ्यास नभएको देखिन्छ ।

२. अभ्यासमा समावेश निर्देशनको अस्पष्टताले शिक्षक विद्यार्थी अल्मलिन सक्दछन् ।

३. पाठ्को नमुना अभ्यासले वस्तुगत प्रश्नमा जोडा मिलाउने, ठीक चिन्ह लगाउने र खाली ठाउँ भर्ने जस्ता प्रश्नमा पटक्कै ध्यान नदिएको पाइन्छ ।

४. उच्च दक्षतासँग सम्बन्धित अभ्यास स्तरभन्दा जटिल भएकाले न्यून क्षमता भएका विद्यार्थीलाई समेट्न सकेको देखिन्छ ।

५. रुपक विधामा पढाइ र बोलाइ सिपको समग्र विकासमा ध्यान पुर्‍याउनु पर्नेमा त्यसको कमी देखिन्छ ।

६. अभ्यासहरूको विविधीकरणमा जोड दिनुपर्छ । चित्रात्मक अभ्यास प्रभावकारी हुने हुँदा यस्ता अभ्यासको संयोजन गर्नुपर्दछ ।

७. विधागत रुपमा पाठगत विविधता अनुरुप वस्तुवर्णन, कथाकथन, खेल विधिलाई उपयोग गर्नु राम्रो हुन्छ ।

८. कथा विधामा लघु कथा तयार पार्ने अभ्यासमा कमी भएको पाइयो ।

९. प्रभावकारी र रुचिपूर्ण रुपमा कविता शिक्षण गर्नु , कविता प्रतियोगिता, अन्ताक्षरी प्रतियोगिता र कवि सम्मेलन जस्ता क्रियाकलाप गर्ने निर्देशनमा कमी भएको पाइयो ।

१०. अभ्यासहरू विमातृ विद्‌यार्थी, पिछडिएको वर्ग, अपाङ्ग र अशक्तलाई थप अभ्यासको अवसर प्रदान गर्न सकेको देखिदैन् ।

११. सिर्जनात्मक अभ्यासमा प्रशस्त कमी रहेको पाइयो ।

१२. निर्णयात्मक मूल्याङ्कनका लागि सुनाइ र बोलाइ सिपको उपेक्षा गरेको पाइयो ।

**सुझावहरू**

पाठ्‌यक्रम अनुरुपका उपयुक्त नमुना अभ्यासहरूको संयोजन गरी भाषिक सिप विकासमा प्रभावकारी बनाउन, अभ्यासगत विविधता र पुनरावृति जस्ता पक्षलाई ध्यान दिदै भाषा पाठ्‌यपुस्तकलाई उपयोगी र प्रभावकारी बनाउन निम्न लिखित सुझावरु पेश गर्न सकिन्छ :

१. भाषा पाठ्‌यक्रमका नमुना अभ्यासलाई क्रियाकलापमुखी र भाषिक सिप विकासमा केन्द्रित गराउनुपर्छ ।

२. अभ्यास खण्डमा सोधिएका प्रश्नहरू सरल र स्पष्ट निर्देशन दिने प्रकतिका हुनुपर्दछ ।

३. समूह कार्य गर्ने, छलफल गर्ने जस्ता अभ्यास समावेश गरेको हुनुपर्दछ ।

४. अभ्यासमा रुचि संवद्‌र्धन गर्ने कार्यकलापलाई समेट्नु राम्रो हुन्छ । जस्तै कवितामा अन्ताक्षरी, कथामा कथाकथन, एकाङ्कीमा अभिनय गराउने, चिठीमा कुनै शीर्षक दिई पत्रलेखन गराउने ।

५. बोलाइ तथा पढाइ सिप विकास गराउने अभ्यास थप गर्नुपर्दछ ।

६. अभ्यासमा टङ्कन सम्बन्धी त्रुटि निवारण गर्ने तर्फ सचेत हुनुपर्दछ ।

७. अभ्यासहरू संयोजन गर्दा सबै स्तरका विद्‌यार्थीको बौद्‌धिकस्तर ख्याल गरी संयोजन गर्नुपर्दछ ।

८. रुपक विधामा मौखिक अभिव्यक्ति गर्ने अभ्यास थप गर्नु पर्दछ ।

९. अभ्यासमा वैयक्तिक रुचि क्षेत्रलाई समेटन सक्ने अभ्यासको संयोजन गर्नुपर्ने हुन्छ ।

१०. विमातृभाषी अपाङ्ग र अशक्तका लागि उपयोगी हुने अभ्यास राख्नुपर्ने देखिन्छ ।

११. नमुना अभ्यासको संयोजन गर्दा पाठ्यक्रमको क्षेत्र तथा क्रमलाई विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

१२. मूल्याङ्कन प्रणालीमा चारवटै सिप पक्षलाई ध्यान दिई मूल्याङ्कन गर्नुपर्ने देखिन्छ ।

**उपयोगिता**

सोध अध्ययन कार्यको कुनै न कुनै प्रयोजन रहेकै हुन्छ । हरेक सोध कार्यबाट त्यस विषयक्षेत्रमा देखिएका समस्या पहिचान गरी हुने क्षति न्यूनिकरण गर्न सहयोग गर्ने प्रयास गरिएको हुन्छ । प्रस्तुत सोध कार्यको उपयोगितालाई निम्न लिखित दुई तहबाट हेर्न सकिन्छ ।

**नीतिगत तह**

१. प्रस्तुत सोध भाषा पाठ्यक्रम निर्माण गर्न उपयोगी हुने,

२. पाठ्यक्रमविद्, मूल्याङ्कनविद, पाठ्यपुस्तक निर्मातालाई आवशयक सुझाव प्राप्त हुन सक्ने,

३. भाषापाठ्यपुस्तक परिवर्तन गर्न संवाहकको भुमिका खेल्ने,

४. स्थानीय स्तरमा उपयोगी पाठ्यक्रम निर्माण गर्न सकिने,

५. यो शोधकार्यबाट कविता शिक्षणमा उपयुक्त हुने अभ्यास संयोजन गर्न,

६. विद्यार्थीमा कथनात्मक क्षमतामा विकास गर्न,

७. सिर्जनात्मक तथा स्वतन्त्र लेख्न क्षमता विकासमा निबन्ध सहयोगी हुने,

८. व्यावहारिक चिठ्ठी,निवेदन,शुभकामना/समावेदना लेखन कार्यमा मद्दत मिल्ने,

९. विशिष्ट तथा महान् व्यक्तिको जीवनीबाट सत्प्रेरणा मिल्ने,

**प्रयोजनगत तह**

यो शोधअध्ययन मुख्य रुपमा भाषा शिक्षणसँग सम्बन्धित छ । पाठ्यक्रमले निर्दिष्ट गरेका भाषिक सिप विकाससँग समबद्ध उद्देश्य पूरा गर्न अभ्यासहरू असमर्थ रहे थप अभ्यास र क्रियाकलाप तय गर्न मद्दत मिल्छ । समग्रमा प्रस्तुत शोधका शैक्षणिक प्रयोजनलाई निम्नानुसार उल्लेख गरिएको छ :

१. भाषापाठ्यक्रम र पाठ्यपुस्तकको स्पष्ट अवधारणाका साथ भाषाशिक्षण गर्न सचेत गराउनु,

२. पाठ्यवस्तु छनौट गरी क्रियाकलापमूखी बनाउन सहयोग गर्नु,

३. कक्षाशिक्षणलाई क्रियाकलापमूखी बनाउन सहयोग गर्नु,

४. पाठ्यपुस्तकका अभ्यासका अतिरिक्त थप क्रियाकलाप गराउन प्रेरित गर्नु,

५. उद्देश्यअनुरुप पर्याप्त नमुना अभ्यासहरूको संयोजन गरी पाठ्यपुस्तक सुधार गर्न मद्दत गर्नु ।

**शिक्षक**

१. भाषिक सिप विकासमा सहयोगी हुने क्रियाकलाप छनोट गर्न,

२. विधाअनुरुप सोही मर्मअनुरुप अभ्यास गराउन,

३. शैक्षणिक कार्यलाई योजनाबद्ध रुपमा मार्ग दर्शन गर्न,

४.भाषिक मूल्याङ्कनका उपकरण छनोट गर्न ।

**विद्यार्थी**

१. भाषिक क्षमता वृद्धि गर्न,

२. भाषिक सिप विकास गर्न,

३. श्रवण/वाचनकला/वक्तृत्व क्षमता विकास गर्न,

४. विधाअनुरुप सिर्जनशील बन्न,

५. कल्पनात्मक क्षमता विकास गर्न ।

**भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू**

१. पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा १० को नमुना अभ्यासको अध्ययन,

२. भाषिक सिप विकासका दृष्टिले कक्षा १० को सिर्जनात्मक र व्याकरणात्मक अभ्यासको अध्ययन,

३. कक्षा १० को पाठ्यपुस्तकको छनोट र स्तरणका आधारमा नमुना अभ्यासको अध्ययन,

४. विधागत विविधताका आधारमा कक्षा १० को नमुना अभ्यासहरूको विविधताको अध्ययन ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०५३ ते.सं.), *नेपाली भाषा शिक्षण,* काठमाडौं कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कट्टेल, सोमनाथ (२०६०), *कक्षा ८ को भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषण र अध्ययन,* नेपाली शिक्षा विभाग, स्नातकोत्तर शोधपत्र त्रि.वि. ।

पौडेल, टीकाप्रसाद, तीर्थराज भट्टराई र मदनराज बराल (२०६८), *पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : जुपिटर प्रकाशक तथा वितरक प्रा.लि. ।

ढकाल, सन्तोष (२०६९), *कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरुपताको अध्ययन,* नेपाली शिक्षा विभाग, स्नातकोत्तर शोधपत्र त्रि.वि.।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), *परिचयात्मक नेपाली भाषा शिक्षण,* काठमाडौं : एम के पब्लिसर्स ।

———————————— (२०५६), *भाषापाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : एम के पब्लिसर्स ।

न्यौपाने, टङ्कप्रसाद, पारसमणि भण्डारी, दीपक न्यौपाने र तुलसीराम घिमिरे (२०६७), *सामान्य भाषाविज्ञान* , काठमाडौं : सनलाइट पब्लिकेशन ।

पाण्डे, गोमा (२०६२), *कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरुपताको अध्ययन,* त्रि.वि. शक्षाशास्त्र, नेपाली भाषा शिक्षा, विभाग, कीर्तिपुर ।

पोखरेल, बालकृष्ण र अन्य (२०४२), *नेपाली वृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, पारसमणि, तुलसीराम घिमिरे र शक्तिराज नेपाल (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल (२०५२), *शोधविधि,* काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, चन्द्रबहादुर, रामलाल तामाङ र सम्झना बस्नेत (२०६६), *शैक्षिक मनोविज्ञान,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

## अनुसूची

## अन्तर्वार्ता प्रश्नावली

नाम : पद :

विद्यालय : ठेगाना :

१) तपाईंले कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक पाठ्यक्रम अनुरुपताका आधारमा कस्तो पाउनुभयो ? के ती पाठ्यक्रमका उद्देश्य पूरा गर्न सहयोगी छन् त ?

..........................................................................................................

२) नेपाली भाषा पाठ्यक्रममा विधागत रूपमा कस्ता अभ्यास राख्दा उपयुक्त हुन्थ्यो होला ?

..........................................................................................................

३) के भाषा पाठ्यपुस्तकमा अभ्यासहरू सीपगत रूपमा कस्ता छन् ?

..........................................................................................................

४) नेपाली भाषा पाठ्यपुस्तकमा कस्ता अभ्यास हुनुपर्थ्यो ? तपाईंको धारणा यसप्रति के हुन् त ?

..........................................................................................................

५) के भाषा पाठ्यपुस्तकको अभ्यासले मनोवैज्ञानिक पक्षलाई ध्यान दिएको छ त ?

..........................................................................................................

६) कुन सीप पक्षलाई जोड दिनेगरी अभ्यासहरू राखिएको छ त ?

..........................................................................................................

## निष्कर्ष र सुझाव

माध्यमिक तह कक्षा १० को नेपाली विषय पाठ्यक्रम २०६४ अनुसार नेपाली भाषा पाठ्यपुस्तक तयार पारिएको छ। यस पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकाससँग सम्बन्धित अभ्यासहरू समावेश गरिएको छ । नेपाली भाषा पाठ्यक्रमले विभिन्न विधागत पाठहरूलाई समावेश गरी भाषिक सीप विकास गराउने उद्देश्य राखेको छ । नमुना अभ्यास विद्यार्थीको उमेर, तह, क्षमता र रुचि अनुरुप नै छनोट भएको देखिन्छ। उद्देश्य विभिन्न तह ज्ञान, बोध, व्यवहारिक सीप र उच्च दक्षता लाई समेट्ने गरी नमुना अभ्यासको समायोजन गर्ने प्रयास गरिएको देखिन्छ। नमुना अभ्यास विषयवस्तुको सैद्धान्तिक ज्ञानमा भन्दा व्यवहारिक ज्ञानतर्फ उन्मुख भएको देखिन्छ।

**दुर्बल पक्षहरू**

भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा सबै प्रकारका सीप समेटिएता पनि पढाइ र बोलाइ सीपका लागि पर्याप्त अभ्यास नभएको देखिन्छ। अभ्यासमा समावेश निर्देशनको अस्पष्टताले शिक्षक विद्यार्थी अल्मलिन सक्दछन् । पाठ्को नमुना अभ्यासले वस्तुगत प्रश्नमा जोडा मिलाउने, ठीक चिन्ह लगाउने र खाली ठाउँ भर्ने जस्ता प्रश्नमा पटक्कै ध्यान नदिएको पाइन्छ । उच्च दक्षतासँग सम्बन्धित अभ्यास स्तरभन्दा जटिल भएकाले न्यून क्षमता भएका विद्यार्थीलाई समेट्न सकेको देखिन्छ । रुपक विधामा पढाइ र बोलाइ सीपको समग्र विकासमा ध्यान पुर्‍याउनु पर्नेमा त्यसको कमी पाइयो।

**सुझावहरू**

पाठ्यक्रम अनुरुपका उपयुक्त नमुना अभ्यासहरूको संयोजन गरी भाषिक सीप विकासमा प्रभावकारी बनाउन, अभ्यासगत विविधता र पुनरावृति जस्ता पक्षलाई ध्यान दिदै भाषा पाठ्यपुस्तकलाई उपयोगी र प्रभावकारी बनाउन निम्न लिखित सुझावरु पेश गर्न सकिन्छ :

भाषा पाठ्यक्रमका नमुना अभ्यासलाई क्रियाकलापमुखी र भाषिक सीप विकासमा केन्द्रित गराउनुपर्छ। अभ्यास खण्डमा सोधिएका प्रश्नहरू सरल र स्पष्ट निर्देशन दिने प्रकृतिका हुनुपर्दछ। समूह कार्य गर्ने, छलफल गर्ने जस्ता अभ्यास समावेश गरेको हुनुपर्दछ। अभ्यासमा रुचि संवद्र्धन गर्ने कार्यकलापलाई समेट्नु राम्रो हुन्छ । जस्तै कवितामा अन्ताक्षरी, कथामा कथाकथन, एकाङ्कीमा अभिनय गराउने, चिठीमा कुनै शीर्षक दिई पत्रलेखन गराउने, बोलाइ तथा पढाइ सीप विकास गराउने अभ्यास थप गर्नुपर्दछ। अभ्यासमा टङ्कन सम्बन्धी त्रुटि निवारण गर्ने तर्फ सचेत हुनुपर्दछ।